सूर्यविनायक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भक्तपुर, बागमती प्रदेश

# राजश्व सुधार कार्ययोजना

२०७९

## अन्तिम प्रतिवेदन

<u>प्राविधिक सहयोग</u>

## नेपाल डेभलपमेन्ट कन्सल्टेन्सी

**गोठाटार, काठमाण्डौ**

बागमती प्रदेश

# बिषय-सूची

**तालिका सूची......................................................................................... ग**

**चित्र सूची ........................................................................................... ग**

**परिच्छेद १ : परिचय.................................................................................. १**

१.१ पृष्ठभूमि ........................................................................................ १

१.२ राजस्व सुधार योजनाको औचित्य .............................................................. २

१.३ योजनाले राखेका उद्देश्यहरु ................................................................... ४

१.४ योजना तर्जुमा विधि र प्रक्रिया ............................................................... ५

१.४.१ पृष्ठभूमि..................................................................................... ५

१.४.२ तथ्याङ्क तथा सूचना संकलन ................................................................ ६

१.४.३ मस्यौदा प्रतिवेदन तयारी..................................................................... ७

१.४.४ अन्तिम प्रतिवेदन पेश......................................................................... ७

१.५ योजनाका सीमाहरु.............................................................................. ८

**परिच्छेद २: नगरपालिकाको संक्षिप्त परिचय............................................................ ९**

२.१ नगरपालिकाको परिचय र नामाकरण.......................................................... ९

२.२ अवस्थिति ........................................................................................ ९

२.३ राजनैतिक एवं प्रशासनिक विभाजन ......................................................... ९

२.४ जनसङ्ख्या...................................................................................... १०

२.५ जातजाति, धर्म र भाषा......................................................................... ११

२.६ शिक्षा तथा स्वास्थ्य ............................................................................ १२

२.७ पेशागत विवरण.................................................................................. १२

२.८ सडक तथा यातायात ........................................................................... १२

२.९ मानव संसाधनको अवस्था..................................................................... १३

२.१० भौतिक सम्पतिको अवस्था ................................................................... १५

**परिच्छेद ३: स्थानीय तहको राजश्व अधिकार तथा आय संभाव्यता ....................................... १७**

३.१ राजश्व अधिकार सम्बन्धी कानुनी व्यवस्था ................................................... १७

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था................................................. २१

३.३ आन्तरिक आय संकलनको प्रमुख क्षेत्र र संभावान विश्लेषण .................................. २३

३.३.१ स्थानीय कर राजश्व............................................................................ २३

३.३.२ गैर कर राजश्व ................................................................................. ३०

**परिच्छेद - चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था................................ ३८**

४.१ राजश्व परिचालन सम्बन्धी नीति तथा संयन्त्र .................................................. ३८

४.२ आय संकलनको संस्थागत क्षमता ........ ४०
४.३ आन्तरिक आय परिचालन ........ ४१
४.४ राजश्व परिचालनमा रहेका सवालहरु ........ ४२

**परिच्छेद - पाँचः राजश्व सुधार कार्ययोजना ........ ४६**
५.१ राजश्व सुधार कार्ययोजना ........ ४६
५.१.१ प्रभावकारी राजश्व संकलनका रणनीति तथा कार्यनीति ........ ४६
५.१.२ राजश्व सुधार कार्ययोजना ........ ४८

**परिच्छेद - छः आगामी तीन बर्षको आय प्रक्षेपण ........ ५६**
६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण ........ ५६
६.२ आगामी तीन आर्थिक बर्षको राजश्व प्रक्षेपण ........ ५८

**परिच्छेद - सातः अपेक्षित नतिजा ........ ६१**
७.१ अपेक्षित नतिजा ........ ६१

**परिच्छेद - आठः अनुगमन तथा मूल्याङ्कन ........ ६३**

**अनुसूची १ – प्रारम्भिक कार्यशाला गोष्ठ तथा मस्यौदा प्रतिवेदन प्रस्तुतीकरणको माईन्यूट ........ ६६**
**अनुसूची २ – प्रारम्भिक कार्यशाला गोष्ठ तथा मस्यौदा प्रतिवेदन प्रस्तुतीकरणको फोटोहरु ........ ६८**
**अनुसूची ३ – सूचना संकलन फाराम ........ ६९**
**अनुसूची ४ – सूचना संकलन फाराम ........ ७२**
**अनुसूची ५ - सुझाव तथा पृष्ठपोषण तालिका ........ ८२**

# तालिका सूची

तालिका १: योजना तर्जुमाका चरणहरु ....................................................................................................५
तालिका २: नगरपालिकाको वडा विभाजन............................................................................................१०
तालिका ३: जनसंख्याको वडागत वितरण............................................................................................१०
तालिका ४: कर्मचारीहरुको विवरण ....................................................................................................१३
तालिका ५: नगरपालिकाको अचल सम्पतिको विवरण ............................................................................१५
तालिका ६: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था.................................................२१
तालिका ७: संभाव्य सम्पति करदाता तथा सम्पति कर ...........................................................................२३
तालिका ८: मालपोतको संभावित प्रक्षेपण ............................................................................................२५
तालिका ९: व्यवसाय करको अनुमानित प्रक्षेपण .....................................................................................२६
तालिका १०: विज्ञापन करको अनुमानित प्रक्षेपण ..................................................................................२८
तालिका ११: वहाल करको अनुमानित प्रक्षेपण.......................................................................................२९
तालिका १२: पार्किङ शुल्कको अनुमानित प्रक्षेपण ..................................................................................३३
तालिका १३: फोहोरमैला व्यवस्थापन शुल्कको अनुमानित प्रक्षेपण.............................................................३४
तालिका १४: सरकारी सम्पतिको बहाल र बिक्रीबाट हुने संभाव्य आयको विवरण .........................................३५
तालिका १५: राजश्व परामर्श समितिको विवरण .....................................................................................३८
तालिका १६: नगरपालिकाको आयको अवस्था.......................................................................................४१
तालिका १७: नगरपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा............................................................४२
तालिका १८: राजश्व सुधार सम्बन्धी रणनीति र कार्यनीति........................................................................४६
तालिका १९: राजश्व प्रशासन सुधार योजना..........................................................................................४८
तालिका २०: कर राजश्व सुधार योजना ................................................................................................५०
तालिका २१: गैर कर राजश्व सुधार योजना ..........................................................................................५२
तालिका २२: आगामी तीन आर्थिक बर्षको राजश्व प्रक्षेपणको आधार ..........................................................५६
तालिका २३: आगामी ३ आर्थिक बर्षको आय प्रक्षेपण ...........................................................................५८
तालिका २४: अपेक्षित आय संरचना......................................................................................................६१
तालिका २५: अनुगमन तालिका............................................................................................................६४

# चित्र सूची

चित्र १: जनसंख्याको वडागत वितरण.....................................................................................................११
चित्र २: कुल आयमा आन्तरिक आयको योगदान.......................................................................................६२

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

नेपालको मूल राज्य सञ्चालन संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले विद्यमान संवैधानिक व्यवस्था रहेको छ । संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारहरुलाई कार्य जिम्मेवारी तथा स्रोत परिचालन गर्न सक्ने उलेख्य अधिकार दिएको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा पर्ने सेवा प्रवाह तथा विकास निर्माणको क्षमतालाई वृद्धि गर्न आय परिचालन क्षमतालाई वृद्धि गर्न आय परिचालन क्षमतामा पनि सुधार गर्न आवश्यक हुन्छ । यसका अतिरिक्त प्राकृतिक तथा अन्य मानवीय कारणले अकस्मात सिर्जना हुने प्रतिकुल परिस्थितिलाई सामना गर्नसक्ने गरी उत्थानशील हुन पनि आय परिचालन क्षमता सुदृढ हुनु पर्दछ ।

स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने साधनको परिपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यवस्था गरेको छ । सङ्घ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्तो अनुदानले मात्र स्थानीय तहको खर्च र आवश्यकता पुरा गर्न सम्भव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच शक्तिको बाँडफाँड गरिने हुँदा सङ्घीय वित्त व्यवस्थापनका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर कर लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संवैधानिक रुपमै प्रदान गरिएको छ । अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र सङ्घीय कानून बमोजिम राजस्व बाँडफाँड बापत प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानुनी व्यवस्था समेत गरिएको छ ।




स्थानीय सरकारलाई प्राप्त भएका वित्तीय अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न थप प्रयास गर्नुपर्ने आवश्यकता महशुस भएको छ । यसको मुख्य

कारणहरुमा स्थानीय सरकारलाई प्राप्त कतिपय अधिकारहरु नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्क प्रणालीको स्थापना, आयको सम्भावना अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदि व्यवस्था तथा अभ्यासको कमी हुनु रहेको छ ।

स्थानीय सरकारको बढ्दो खर्च धान्नका लागि र उनीहरुको सामर्थ्य वृद्धि गर्नका लागि ती निकायहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नुपर्ने आवश्यकता बन्न पुगेको छ यसका लागि स्थानीय तहको राजस्व अधिकारका सम्भावनाहरुको खोजी गर्ने, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजना खाँचो देखिन्छ ।

राजस्व सम्बन्धी वर्तमान स्थिति अध्ययन, विश्लेषण गरी राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरुको पहिचान गर्ने, समग्र राजस्व प्रशासनलाई सुदृढ गर्ने तथा सोका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण कार्यमा सहजीकरण गर्ने प्रयोजनाका लागि बागमती प्रदेश अन्तरगतका स्थानीय तहहरुले राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) तयार गरी स्थानीय तहहरुको राजस्व सुधार गर्नका लागि अवलम्बन गर्नुपर्ने क्रियाकलापहरुको कार्ययोजना आवश्यक छ । सो कार्यका लागि प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमले यस प्रदेश अन्तरगतका विभिन्न स्थानीय तहहरुको राजस्व सुधार कार्ययोजना तयार गर्नका लागि आवश्यक प्राविधिक सहयोग गर्ने कार्यक्रम रहेको छ ।

यस दस्ताबेज तर्जुमाको क्रममा भएका प्रयासहरुमा नगरपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवाला पक्षहरुले राजस्व परिचालनको क्षेत्रमा आधारभूत अभिमुखीकरण, नगरपालिकाको आन्तरिक आय सुधारका लागि सहभागितात्मक विधिबाट समस्या तथा अवसरहरुको पहिचान गरी मुख्य उपलब्धिका रुपमा नगरपालिकाको कार्ययोजना तयारी र आय सम्भाव्यताको विश्लेषण गरी नगरपालिकाको आय प्रक्षेपणलाई मार्गदर्शन जस्ता कार्यहरु रहेका छन् ।

## १.२ राजस्व सुधार योजनाको औचित्य

सङ्घीयतामा तहगत सरकारलाई संविधानले नै कार्यजिम्मेवारी निश्चित गरी ती जिम्मेवारीहरु पुरा गर्न आवश्यक स्रोतको व्यवस्था गर्दा अन्तरसरकारी वित्तिय हस्तान्तरणको अलावा आफ्नो कार्यक्षेत्रमा तोकिएका स्रोतबाट संविधानले प्रदान गरेको अधिकार अनुरुप स्थानीय तहले राजस्व परिचालन गरी साधन स्रोतको जोहो गर्दछन् । जनताको बढ्दो माग बमोजिमको खर्च धान्नका लागि आवश्यक सामर्थ्य अभिवृद्धि गर्न पनि ती स्थानीय सरकारहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि हुनु अपरिहार्य देखिन्छ । यसका लागि स्थानीय तहको राजस्व अधिकारका सम्भावनाहरुको खोजी गर्न, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गरी तिनको यथोचित कार्यान्वयन गर्न र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजना महत्वपूर्ण औजार हुने विश्वास गरिन्छ ।

स्थानीय तहलाई कर वा गैर कर वापत रकम तिर्ने स्थानीय निवासीहरुले आफुले तिरेको करको सदुपयोग भए नभएको निगरानी गर्ने र यस विषयमा नियमित रुपमा आफ्नो गाउँपालिका/नगरपालिकासँग प्रश्न सोध्ने हुनाले गाउँपालिका/नगरपालिकाहरु पनि जनताप्रति सोझै उत्तरदायी हुने वातावरण सिर्जना हुन्छ । सेवा

प्रवाहमा पनि सुधार हुन्छ र जनताको सन्तुष्टिको मात्रा पनि बढ्दै जान्छ । आन्तरिक स्रोतबाट परिचालित राजस्व खर्च गर्दा स्थानीय तहले कुनैपनि बाह्य शर्तहरु पालना गर्नु नपर्ने भएकोले यसको मात्रा जति बढी भयो त्यति बढी मात्रामा स्वायत्तताको अनुभूति गर्दछन् । यसरी स्थानीय तह प्रदेश तहले जति बढी स्वायतता पूर्वक काम गर्न पाउँछन् त्यति नै सङ्घीयता सफल र सुदृढ हुँदै जान्छ ।

वैधानिक रुपमा नै स्रोत साधनमाथि उल्लेख्य अधिकार प्राप्त भएको लामो समयसम्म पनि आन्तरिक स्रोत तथा राजस्व कमजोर रहने र निरन्तर सङ्घ तथा प्रदेशबाट प्राप्त हुने अनुदानमा नै भर पर्नुपर्ने अवस्था भएमा स्थानीय सरकारको स्वायत्तता तथा दीगोपनमा प्रश्नचिन्ह लाग्ने सम्भावना रहन्छ । यस परिपेक्ष्यमा स्थानीय सरकारहरुले समयमै कानुनले अख्तियारी दिएका क्षेत्रमा आन्तरिक राजस्वको सम्भावना अध्ययन गरी कानुनसम्मत रुपमा राजस्वको क्षमता विस्तार गर्दै जानु आवश्यक हुन्छ । यसका लागि जननिर्वाचित पदाधिकारीहरु र राष्ट्रसेवक कर्माचारीहरुलाई संविधानले प्रदत्त गरेका काम कर्तव्य र अधिकारहरु कुशलता साथ सम्पादन गरी नागरिकहरुलाई छिटो छरितो गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न सहयोग पुर्‍याउनु पहिलो र महत्वपूर्ण कार्य हो भने भर्खरै सम्पन्न भएका स्थानीय तहको संस्थागत अवस्था स्व-मूल्याङ्कन गरी सुधारका क्षेत्रहरुको पहिचान गरी तदनुरुप आवश्यकता र मागमा आधारित क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्दै लैजानु आवश्यक छ । यसका साथै स्थानीय तहलाई संविधान र ऐनले दिएको अधिकार प्रयोग गरी वित्तीय रुपमा सवल र सक्षम बनाउन राजस्व परिचालन सम्बन्धी ज्ञान, शिप र क्षमता अभिवृद्धि गर्दै सार्वजनिक विकास निर्माण र सेवा प्रवाहमा सक्षम बनाउन आवश्यक छ ।

नगरपालिकामा थप आन्तरिक राजस्व परिचालन गर्न यसको अधिकार क्षेत्रभित्र सबै उपलब्ध आन्तरिक आयका स्रोतहरुबाट सम्भाव्य राजस्व परिचालन गर्नु अनिवार्य हुन्छ । यसमा सुधार ल्याउन नगरपालिकाको बाह्य वातावरण तथा राजस्व प्रशासनको समेत विश्लेषण गर्नुपर्ने हुन्छ । यसैले राजस्व परिचालनमा सुधारका कृयाकलापहरु पहिचान गरी सोको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को प्रावधान बमोजिम यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिनेछ । यस राजस्व सुधार कार्ययोजनाबाट नगरपालिकालाई आफ्नो आन्तरिक आय परिचालन सुधारका साथै राजस्व प्रक्षेपणलाई यथार्थपरक, समन्यायिक, सहभागितामूलक र वैज्ञानिक बनाई बजेट तर्जुमा प्रकृयालाई थप व्यवस्थित गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । यसै सन्दर्भमा सूर्यविनायक नगरपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजस्व सुधारका कृयाकलापहरु पहिचान गर्न र पहिचान गरिएका कृयाकलापहरुको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्ने कार्यका लागि यो राजस्व सुधार कार्ययोजना निर्माण गर्न लागिएको छ । राजस्व सुधार कार्ययोजना तर्जुमाको औचित्यको शांरासलाई निम्न चित्रमा प्रस्तुत गरिएको छ ।




## १.३ योजनाले राखेका उद्देश्यहरु

नगरपालिकाको आन्तरिक आयका सम्भावनाहरुको पहिचान तथा अधिकतम परिचालनका लागि देखिएका समस्याहरु न्यूनीकरण गर्न कार्ययोजना तयार गरी सोको आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा नगरपालिकालाई सहयोग पुऱ्याउनु नै यस योजनाको मूलभूत उद्देश्य हो । यस योजनाका खास उद्देश्यहरु देहाय अनुसार रहेका छन् :

- स्थानीय तहका जनप्रतिनिधीहरु तथा कर्मचारीहरुलाई राजस्व सुधार कार्ययोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा सम्भावित करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- राजस्व वृद्धिको लागि आयका प्रमुख स्रोतहरुको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- स्थानीय तहको राजस्व प्रशासनको संगठनात्मक सङ्कलन तथा बिलिङ्ग पद्धति र आन्तरिक नियन्त्रण प्रणाली सहित पालिकाको राजस्व प्रशासन तथा यसको कार्यकुशलताको विश्लेषण ।
- स्थानीय तहको आन्तरिक आय वृद्धिका सम्भावनाहरु पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।

- नयाँ सम्भावनाहरुको पहिचान गर्दै स्थानीय तहले अपनाउनुपर्ने सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।
- स्थानीय तहको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी आगामी आर्थिक वर्षमा सुधारका लागि सुझाव प्रदान गर्ने ।

## १.४ योजना तर्जुमा विधि र प्रक्रिया

### १.४.१ पृष्ठभूमि

सूर्यविनायक नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमाको मार्गदर्शकका रुपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी भएको स्थानीय तहको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ तथा बागमती प्रदेश सुशासन केन्द्र, जावलाखेल, ललितपुरबाट प्राप्त यस योजना तर्जुमाको कार्यक्षेत्रगत शर्त (Terms of references) मा उल्लेख भएको तर्जुमा विधि र मार्गनिर्देशनलाई आधार मानिएको छ । नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा प्रक्रियामा स्थानीय पदाधिकारी, कर्मचारी, सम्बन्धित समितिहरु र सरोकारवालाहरुको अपनत्व र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सहभागितामूलक विधि अवलम्बन गरिएको छ । साथै स्थानीय आवश्यकता अनुसार सम्भाव्य स्थानीय राजस्वका स्रोतहरुलाई समेट्ने उद्देश्यले तथ्याङ्क तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी निर्देशिका बमोजिम कार्ययोजना तर्जुमाका चरणहरु यसप्रकार रहेका छन् ।

तालिका १: योजना तर्जुमाका चरणहरु

| | |
|---|---|
| १ | राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी निर्णय र समय सारिणी निर्धारण |
| २ | योजना तर्जुमा कार्यदल गठन |
| ३ | योजना तर्जुमाका लागि आवश्यक सन्दर्भ सामाग्रीहरु सङ्कलन तथा अध्ययन |
| ४ | प्रारम्भिक कार्यशालाको आयोजना |
| ५ | सूचना तथा तथ्याङ्क सङ्कलन एवम् विश्लेषण |
| ६ | राजस्व सुधार कार्ययोजना तयारी (प्रारम्भिक) |
| ७ | योजनाको मस्यौदा तयारी |
| ८ | राजस्व सम्भावना विश्लेषण तथा राजस्व प्रक्षेपण |
| ९ | मस्यौदा प्रतिवेदन नगरपालिकामा प्रस्तुति र सुझाव सङ्कलन |
| १० | मस्यौदा पुनरावलोकन र अन्तिम मस्यौदा तयारी |
| ११ | नगर कार्यपालिकामा छलफल र स्वीकृति |

नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्यक्रम सम्बन्धमा सूर्यविनायक नगरपालिका, कटुन्जे भक्तपुर, बागमती प्रदेश र यस नेपाल डेभलपमेन्ट कन्सल्टेन्सीबीच सम्झौता भएपछि विभिन्न समयमा भएका छलफलहरुबाट नगरपालिकाबाट आवश्यक सन्दर्भ सामग्री सङ्कलन गरी अध्ययन टोलीलाई प्राप्त भएको थियो । राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि निम्न विधि र प्रकृया अवलम्वन गरिएको थियो । मुलत: राजस्व सुधार कार्ययोजना तर्जुमा Coaching & Mentoring (स्थलगत रुपमा सँगसँगै काम गर्दै सिकाउँदै जाने) विधिमा आधारित थियो ।

- सूर्यविनायक नगरपालिकामा कार्य प्रारम्भ गर्नुभन्दा पहिला परामर्शदाताले प्रदेश प्रशिक्षण केन्द्रको सम्बन्धित विज्ञ वा तोकिएको कर्मचारीहरुसँग सूर्यविनायक नगरपालिकामा गर्नुपर्ने कार्यको योजना बनाई छलफलबाट अन्तिम रुप दिई अगाडी बढाईएको थियो ।
- सूर्यविनायक नगरपालिकाबाट राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यको गुणस्तर सुनिश्चितताका लागि अनुगमन र नियमित फलोअप भएको थियो भने प्रदेश सुशासन केन्द्रबाट अनुगमन समेत भएको थियो । सो कार्यका लागि सेवा प्रदायक संस्थाले यो कार्य गर्नका लागि विस्तृत कार्ययोजना समेत पेश गरेको थियो । परामर्शदाताले प्रदेश सुशासन केन्द्रको सम्बन्धित विज्ञ वा तोकिएको कर्मचारीहरुसँग निरन्तर समन्वयमा कार्य गरिएको थियो ।
- राजश्व सुधार कार्ययोजना तर्जुमा प्रकृयालाई सहभागितामूलक विधिबाट सञ्चालन गरिएको थियो । साथै यस विषयमा सूर्यविनायक नगरपालिकाका कर्मचारीहरुको पनि क्षमता अभिवृद्धि गरिएको थियो । यस सन्दर्भमा सूर्यविनायक नगरपालिकाका मेयर, उप-मेयर तथा अन्य जनप्रतिनिधि, कर्माचारी एवम् सरोकारवालाहरुको सहभागिता र समूह छलफलबाट राजस्व सुधार सम्बन्धी आवश्यकताहरु पहिचान गरिएको थियो ।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ मा उल्लेखित सम्बन्धित फारामहरु विधि तथा प्रकृयाहरु प्रयोग गरी (छलफल तथा कार्यशाला) मार्फत राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको थियो ।
- यस प्रकृयाबाट पहिचान गरिएका आवश्यकताहरुलाई एकिकृत गरी सूर्यविनायक नगरपालिकाको ३ वर्षे राजस्व सुधार कार्ययोजना तयार गरिएको छ र मस्यौदा प्रतिवेदन तयार गरी सूर्यविनायक नगरपालिकामा प्रस्तुतिकरण गरी आवश्यक सुझावहरुलाई सङ्कलन गरी दस्तावेजलाई अन्तिम रुप दिईएको छ ।
- राजश्व सुधार कार्ययोजनाको अन्तिम दस्तावेज (विद्युतिय तथा भौतिक प्रति) सूर्यविनायक नगरपालिका र बागमती प्रदेश सुशासन केन्द्र, ललितपुरमा बुझाईएको छ ।

### १.४.२ तथ्याङ्क तथा सूचना संकलन

अध्ययनका क्रममा परामर्शदाताद्वारा विभिन्न विधिहरुको प्रयोग गरी आवश्यक तथ्यांक तथा सूचनाहरू संकलन गरिएको थियो । नगरपालिकाबाट संकलन गर्नुपर्ने तथ्याङ्क र अन्य विभिन्न योजना दस्तावेज, विगतका बार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्य, आयको विवरण, आर्थिक ऐन, विनियोजन ऐन, अन्य नीति तथा कानूनहरु नगरपालिका भ्रमण गरी परामर्शदाताबाट पूर्वनिर्धारित प्रश्नावली तथा ढाँचामा संकलन गरिएको थियो । नगरपालिकाबाट निम्न दस्तावेज र सूचनाहरु संकलन गरिएको थियोः

१) विगत ३ आर्थिक बर्षको (आर्थिक बर्ष २०७६/७-२०७८/७९) आय व्ययको यथार्थ विवरण
२) आर्थिक बर्ष २०७८/७९ को आर्थिक ऐन र बजेट
३) विगत ३ आर्थिक बर्षको बार्षिक प्रगति प्रतिवेदन
४) राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
५) आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
६) आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना
७) संगठन संरचना तथा कर्मचारीको विवरण ।
८) नगरपालिकाको भौतिक सम्पतिको विवरण ।
९) राजस्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण
१०)कार्यकक्ष तथा कार्य स्थलको पर्याप्पता ।
११) फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरु
१२) राजस्व सम्बन्धी डाटा वेस, राजस्व प्रशासनमा सप्फट्वेयर र त्यसको प्रयोग
१३) कप्यूटर विलिङ्ग प्रणालिको प्रयोग
१४)वडा कार्यलयमा राजस्व प्रशासनको अवस्था

तथ्याङ्क तथा सूचना संकलनको फाराम अनुसूची ३ र ४ मा राखिएको छ ।

### १.४.३ मस्यौदा प्रतिवेदन तयारी

मस्यौदा प्रतिवेदन उपर सुझाव संकलनको लागि परामर्शदाताद्वारा २०७९ जेष्ठ १२ मा नगरपालिकाको कार्यालयमा एक दिने प्रारम्भिक कार्यशाला गोष्ठी आयोजना गरी मस्यौदा प्रतिवेदन प्रस्तुतिकरण गरिएको थियो । उक्त कार्यशाला गोष्ठीमा नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, लेखा प्रमुख, सम्बन्धित शाखाका कर्मचारीहरु, परामर्शदाताका टोलि नेता/विज्ञको सहभागिता रहको थियो (मस्यौदा प्रतिवेदन प्रस्तुतीकरणको माईन्यूट र फोटो अनुसूची १ र २ मा राखिएको छ) । परामर्शदाताका विज्ञद्वारा राजश्व अधिकार सम्बन्धी विद्यमान कानुनी व्यवस्था, नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था, आन्तरिक आय परिचालनको प्रमुख क्षेत्र र संभावनाको विश्लेषण, आय संकलनको संस्थागत क्षमता र विगतको आय परिचालनको अवस्था, राजश्व सुधार कार्ययोजना र मस्यौदा प्रतिवेदनले प्रक्षेपणको गरेको नगरपालिकाको आगामी तीन बर्षको राजश्व प्रक्षेपण सम्बन्धी प्रस्तुतीकरण गर्नु भएको थियो भने सहभागीहरुको आन्तरिक आय र राजश्व संकलन सम्बन्धी जिज्ञासाहरुलाई सम्बोधन गर्नु भएको थियो । प्रस्तुतीकरणको अन्त्यमा नगरपालिकाका प्रमुखद्वारा परामर्शदातालाई मस्यौदा प्रतिवेदन उपर प्राप्त सुझावहरुलाई अन्तिम प्रतिवेदनमा समावेश गर्न अनुरोध गर्दै यस प्रतिवेदनले दिएका सुझाव, कार्यनीति र रणनीतिहरुलाई नगरपालिकाले सम्भव भएसम्म क्रमश लागू गर्दै राजश्वको प्रक्षेपित लक्ष्य हासिल गर्ने मन्तव्य व्यक्त गर्नु भै परामर्शदातालाई धन्यवाद दिदै कार्यक्रम समापन गर्नु भएको थियो ।

### १.४.४ अन्तिम प्रतिवेदन पेश

मस्यौदा प्रतिवेदन उपर कार्यपालिकाको वैठकमा भएको छलफलबाट प्राप्त सुझाव तथा सल्लाहहरूलाई समावेश गरी यस राजश्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन पेश गरिएको छ ।

## १.५ योजनाका सीमाहरु

नगरपालिकाको राजश्व सुधार कार्ययोजना क्षेत्र व्यापक रहेको भएतापनि सिमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययनका सिमाहरु देहाय अनुसारका रहेका छनः

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज, प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूमा आधारित छन ।
- विगत तीन आर्थिक बर्ष (२०७६/७७, २०७७/७८ र २०७८/७९) को आयको बृद्धिलाई विश्लेषण गरी आगामी तीन आर्थिक बर्ष २०७९/८०, २०८०/८१ र २०८१/८२ को मात्र आय प्रक्षेपण गरिएको छ ।
- नगरपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, अन्तरवार्ता, नगरपालिकाका पदाधिकारीहरु तथा सम्बन्धित कर्माचारीहरु र अन्य सरोकारवालाहरुसँग गरिएको अन्तरक्रिया तथा कार्याशालाबाट प्राप्त सूचनाको आधारमा तयार गरिएको थियो । यसका अलावा प्रदेश सुशासन केन्द्र तथा नगरपालिकामा मस्यौदा प्रतिवेदन प्रस्तुतिकरण गरी प्राप्त सुझावहरु सङ्लग्न गरिएको थियो।

# परिच्छेद २: नगरपालिकाको संक्षिप्त परिचय

## २.१ नगरपालिकाको परिचय र नामाकरण

नेपाल सरकारको मन्त्रिपरिषदको मिति २०७१/०८/१६ मा निर्णय अनुसर भक्तपुर जिल्लाका तत्कालिन बालकोट, शिरुटार, दधिकोट र गुण्डु गाविसहरु मिलाएर अनन्तलिंगेश्वर नगरपालिकाको गठन गरिएको थियो भने तत्कालिन कटुन्जे, सिपाडोल, नानखेल र चित्तपोल गाविसहरु मिलाएर सूर्यविनायक नगरपालिका गठन गरिएको थियो । पछि नेपाल सरकारको मन्त्रिपरिषदको मिति २०७३/११/१७ को निर्णय अनुसार भक्तपुर जिल्लाका तत्कालिन अनन्तलिंगेश्वर र सूर्यविनायक नगरपालिकाहरु गाभेर सूर्यविनायक नगरपालिकाको गठन भएको हो । नगरपालिकामा अवस्थिति प्रसिद्ध सूर्यविनायक मन्दिरको नामबाट यस नगरपालिकाको नामाकरण भएको हो ।

भक्तपुर शहरबाट २ किमि दक्षिण साविक सिपाडोल गाविसमा पर्ने सूर्यविनायक क्षेत्र धार्मिक एवं ऐतिहासिक दृष्टिकोणबाट अति महत्वपुर्ण छ । यहाँ लिच्छिवि कालमा शिखर शैलिमा निर्माण भएको प्रसिद्ध सूर्यविनायक मन्दिर छ । काठमाण्डौ, पाटन, बनेपा, भक्तपुर जिल्लाका भक्तजनहरु हरेक मंगलवार र माघ महिनामा घुइचोका साथ यस गणेश मन्दिरको दर्शनार्थ आउने गरेको पाईन्छ । सूर्यविनायकको पुजाबाट भाग्य निर्माण हुने र सद्वुद्धि आउने आम धारणा रहेको छ । हरीयाली रमणीय डाँडा रहेको कारणले यो क्षेत्र पर्यटकीय एवं पिकनीक स्थलको रुपमा समेत प्रख्यात छ । सूर्यविनायकको जंगलमा ९९ प्रजातिका चराचुरुङ्गी पाइने हुनाले यो स्थलले चराचुरुङ्गी आवलोकन (Bird Watching) को लागी पनी क्रमशः प्रसिद्ध पाउदै आएको छ ।

## २.२ अवस्थिति

सूर्यविनायक नगरपालिका बागमती प्रदेशको भक्तपुर जिल्लामा पर्दछ । साविकका अनन्तलिंगेश्वर र सूर्यविनायक नगरपालिकाहरुलाई एकिकृत गरी यस नगरपालिकाको गठन गरिएको हो । भौगोलिक रुपमा यो नगरपालिका ८५° २१' ४६" देखि ८५° २९' ४५" पुर्वी देशान्तर सम्म र २७° ३७' १०" देखि २७° ४०' २६" उत्तरी आक्षांशको बिचमा रहेको छ । नगरपालिकाको सिमाना पूर्वमा काभ्रेपलान्चोक जिल्ला र पश्चिममा ललितपुर जिल्लासम्म फैलिएको छ भने उत्तरमा मध्यपुर नगरपालिका, भक्तपुर नगरपालिका र चाँगुनारायण नगरपालिका तथा दक्षिणमा ललितपुर र काभ्रेपलान्चोक जिल्लासम्म फैलिएको छ । नगरपालिकामा १० वटा वडाहरु छन भने नगरपालिकाको कुल क्षेत्रफल ४२.४१ वर्ग किमि छ । नगरपालिकाको भूभाग समुन्द्र सतहबाट १३७२ मिटर देखि २०२५ मिटरसम्म रहेको छ ।

## २.३ राजनैतिक एवं प्रशासनिक विभाजन

सूर्यविनायक नगरपालिका भक्तपुर जिल्लाको संघीय संसदीय चुनावको क्षेत्र नं २ मा पर्दछ भने प्रदेश सभा सदस्यको क्षेत्र नं २(१) मा रहेको छ । नगरपालिकामा १० वडाहरु रहेका छन् भने कटुन्जे नगरपालिकाको प्रशासनिक केन्द्र हो । क्षेत्रफलको हिसाबले सबैभन्दा ठुलो वडा नं ८ (८.११ वर्ग किमि) र सबैभन्दा सानो वडा नं ३ (०.९७ वर्ग किमि) रहेको छ । नगरपालिकाको वडा विभाजन र वडागत क्षेत्रफल सम्बन्धि विस्तृत जानकारी तालिका २ मा प्रस्तुत गरिएको छ ।

तालिका २: नगरपालिकाको वडा विभाजन

| क्र.स. | नयाँ वडा | समावेश गाविस/नगरपालिका | क्षेत्रफल |
|---|---|---|---|
| १ | १ | अनन्तलिंगेश्वर (६-९) | २.९५ |
| २ | २ | अनन्तलिंगेश्वर (१-३) | १.८६ |
| ३ | ३ | अनन्तलिंगेश्वर (४, ५) | ०.९७ |
| ४ | ४ | अनन्तलिंगेश्वर (१०-१२) | ४.९० |
| ५ | ५ | सूर्यविनायक (१-४) | २.८५ |
| ६ | ६ | सूर्यविनायक (५) | १.४७ |
| ७ | ७ | अनन्तलिंगेश्वर (१३-१५) | ७.४३ |
| ८ | ८ | सूर्यविनयाक (६-८) | ८.११ |
| ९ | ९ | सूर्यविनायक (९-११) | ६.८० |
| १० | १० | सूर्यविनायक (१२-१४) | ५.०७ |
| जम्मा | | | ४२.४१ |

*स्रोतः https://sthaniya.gov.np/gis/ (Accessed on May 7, 2022)*

## २.४ जनसङ्ख्या

राष्ट्रिय जनगणना २०६८ अनुसार सूर्यविनायक नगरपालिकाको कुल घरधुरी सख्या १८४४६ र जनसंख्या ७८४९० थियो जसमा पुरुषको संख्या ३८८९९ (४९.६%) र महिलाको संख्या ३९५९१ (५०.४%) थियो । त्यसैगरी सरदर घरपरिवार संख्या ४.२६ र लैंगिक अनुपात ९८.२५ थियो । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार यस नगरपालिकाको कुल घरधुरी संख्या ३५८८५ र जनसंख्या १३७९७१ देखिएको छ भने कुल जनसंख्यामा पुरुषको संख्या ६८९७१ र महिलाको संख्या ६९००० छ । राष्ट्रिय जनगणना २०६८ बाट २०७८ मा आईपुग्दा नगरपालिकाको कुल घरधुरी संख्या १७४३९ र जनसंख्या ५९४८१ बढेको देखिन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार नगरपालिकाको जनसंख्याको वडागत वितरणलाई हेर्दा सबैभन्दा बढी जनसंख्या वडा नं ५ मा १०५६० (१३.५%) र सबैभन्दा थोरै जनसंख्या वडा नं ९ मा ५५०९ (७.०%) छ । नगरपालिकाको जनसंख्याको वडागत वितरणलाई तालिका ३ मा प्रस्तुत गरिएको छः

तालिका ३: जनसंख्याको वडागत वितरण

| वडा नं | घरधुरी संख्या | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | १४८२ | ३३३० | ४.२ | ३५२१ | ४.५ | ६८५१ | ८.७ |
| २ | २४०७ | ४७९० | ६.१ | ४७०७ | ६.० | ९४९७ | १२.१ |
| ३ | १५९२ | ३१८७ | ४.१ | ३१९७ | ४.१ | ६३८४ | ८.१ |
| ४ | २२३९ | ४८३६ | ६.२ | ४७३२ | ६.० | ९५६८ | १२.२ |
| ५ | २४४१ | ५२७८ | ६.७ | ५२८२ | ६.७ | १०५६० | १३.५ |
| ६ | २२५१ | ४४२० | ५.६ | ४५१७ | ५.८ | ८९३७ | ११.४ |
| ७ | १२५७ | २७३५ | ३.५ | २९५४ | ३.८ | ५६८९ | ७.२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | २२७८ | ४८६२ | ६.२ | ५०१४ | ६.४ | ९८७६ | १२.६ |
| ९ | १२२५ | २७०३ | ३.४ | २८०६ | ३.६ | ५५०९ | ७.० |
| १० | १२७४ | २७५८ | ३.५ | २८६१ | ३.६ | ५६१९ | ७.२ |
| जम्मा | १८४४६ | ३८८९९ | ४९.६ | ३९५९१ | ५०.४ | ७८४९० | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*




चित्र १: जनसंख्याको वडागत वितरण

## २.५ जातजाति, धर्म र भाषा

जातिय हिसाबले हेर्दा नगरपालिकामा जातिय विविधता पाईन्छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कलाई हेर्दा सूर्यविनायक नगरपालिकामा ६३ वटा जातजातिहरुको बसोबास पाईन्छ जसमध्ये सबैभन्दा बढी क्षेत्रीहरुको जनसंख्या ३२.७५% रहेको छ भने दोस्रोमा नेवारहरुको जनसंख्या २९.३३% छ । त्यसैगरी पहाडी ब्राम्हण र तामाङहरुको जनसंख्या क्रमश १५.२४% र १०.७०% रहेको छ । मगर, सार्की, राई, कामी, दमाई/ढोली नगरपालिकामा बसोबास गर्ने अन्य जातिजातीहरु हुन तर यी जातिहरुको जनसंखया निक्कै कम रहेको छ ।

हिन्दु धर्म नगरवासीहरुको मुख्य धर्म हो । राष्ट्रिय जनगणना २०६८ का अनुसार नगरपालिकाको कुल जनसंख्याको ९२% मानिसहरु हिन्दु धर्म मान्ने गर्दछन । बौद्ध र क्रिश्चियन धर्म मान्ने मानिसहरुको संख्या क्रमश ६.२% र १.६% छ । नेपाली र नेवारी नगरपालिका भित्र बोलिने दुई मुख्य भाषाहरु हुन जसमा नेपाली भाषा बोल्ने जनसंख्या ६३% छ भने २४.२% नगरवासीहरु नेवारी भाषा बोल्ने गर्दछन् । मातृ भाषाको रुपमा अन्य भाषा बोल्ने मानिसहरुको संख्या भने अत्यन्त कम छ ।

## २.६ शिक्षा तथा स्वास्थ्य

सूर्यविनायक नगरपालिकाको शैक्षिक अवस्था निक्कै सबल रहेको छ। राजधानी काठमाण्डौबाट नजिकै रहेको, सडक तथा यातयातको राम्रो पहुँच भएको तथा नगरपालिका भित्र प्रशस्त सरकारी र नीजि शैक्षिक संस्थाहरु रहेकोले नगरपालिकाको साक्षरता दर पनि निक्कै राम्रो रहेको छ। राष्ट्रिय जनगणा २०६८ को तथ्याङ्कलाई हेर्दा नगरपालिकाको कुल साक्षरता दर ८१.६९% रहेको छ जुन राष्ट्रिय साक्षरता दर भन्दा (६६%) निक्कै बढी रहेको छ । कुल साक्षर जनसंख्यामा पुरुषको साक्षरता दर ९१.१८% र महिलाको साक्षरता दर ७२.४७% रहेक छ। सूर्यविनायक नगरपालिकामा कुल ९३ वटा शैक्षिक संस्थाहरु संचालनमा रहेका छन्। जसमा सरकारी विद्यालयहरुको संख्या ३४ र नीजि स्तरमा संचालित विद्यालयहरुको संख्या ५९ रहेक छ (सूर्य विनायक नगरपालिकाको अर्ध बार्षिक शैक्षिक प्रतिवेदन, २०७६/७७)।

सूर्यविनायक नगरपालिकामा १५ शैयाको एक अस्पताल रहेको छ । नगरपालिकाको शिरुटार, कटुन्जे, बालकोट, सिपाडोल, गुण्डु, नानखेल र चित्तपोल गरी ७ स्थानमा स्वास्थ्य चौकीहरु छन । त्यसैगरी नगरपालिकाको तार्खागाल, घम्पाडाँडा र नानखेल कक्रावारीमा गरी ३ वटा प्रसुती सेवा सहितको शहरी स्वास्थ्य केन्द्रहरु समेत छन । नगरपालिकामा २५ वटा खोप केन्द्रहरु संचालनमा रहेका छन भने ५ वटा एम्बुलेन्स सेवा समेत रहेको छ। त्यसबाहेक नगरपालिकाको विभिन्न स्थान र मुख्य चोक बजारहरुमा नीजि स्तरबाट संचालिन स-साना अस्पताल, डाईगोनोष्टिक सेन्टर, फार्मेसी र क्लिनिकहरु पनि प्रशस्त मात्रामा छन् जसले गर्दा नगरवासीहरुको स्वास्थ्य सेवामा राम्रो पहुँच रहेको छ। ठूला र गम्भिर प्रकारका रोगहरुको लागि भने नगरवासीहरु भक्तपुर जिल्ला र राजधानी काठमाण्डौमा रहेका विभिन्न सरकारी र नीजि अस्पताहरु जाने गरेका छन्।

## २.७ पेशागत विवरण

राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सूर्यविनायक नगरपालिकामा तालिम प्राप्त कृषि, वन र मत्यपालनसंग सम्बन्धित पेशासंग सम्बन्धित मानिसहरुको संख्या सबैभन्दा बढी ३२.६८% छन्। त्यसैगरी दोस्रोमा सेवा तथा विक्रि सम्बन्धि कार्यमा १३.६३% मानिस संलग्न छन् भने तेस्रोमा काष्ठकलासंग सम्बन्धित व्यापारिक कार्यमा संलग्न मानिसहरु १३.३१% छन्। मेशिनरी अपरेटर, प्राविधिक, पेशाकर्मी लगायत ईलिमेन्टरी जस्ता ४ वटा पेशाहरुरमा करिब २५% नगरवासीहरु संलग्न देखिन्छन । अफिस असिस्टेन्ट, म्यानेजर र सुरक्षा निकायमा काम गर्ने मानिसहरु क्रमश ४.७२%, २.२४% र २.१३% छन्।

## २.८ सडक तथा यातायात

सूर्यविनायक नगरपालिकामा सडक तथा यातयातको पूर्वाधारहरुको राम्रोसंग विकास भएको छ । नगरपालिकलाई कोटेश्वर सूर्यविनायक ६ लेन सडकले छोएको छ भने नगरपालिकाका मुख्य भित्रि बजार केन्द्रहरुसम्म सडक संजाल विस्तार भएको छ । सडकहरु समेत नगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार नगरपालिकाका कुल ३८५ किमि सडक रहेको छ । विद्यमान सकक मध्ये कालोपत्रे सडक ६५ किमि (१६.८८%), ग्राभेल सडक १०३ किमि (२६.७५%), धुले तथा कच्ची सडक २१० किमि (५४.५५%) र ढुंगा/ईटाको सोलिङ/कंक्रिट सडक ७ किमि रहेको छ । नगरपालिकाका प्राय सबै वडाहरुबाट राजधानी

काठमाण्डौ तर्फ जाने नियमित बस तथा माईक्रोबसहरु संचालनमा रहेको छ भने नगरपालिका भित्र नीजि ट्याक्सी सेवा समेत सहज रुपमा उपलब्ध रहेको छ। राजधानी काठमाण्डौबाट नजिकै रहेकोले काठमाण्डौमा रहेको त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा समेत नगरवासीहरुको सहज पहुँच रहेको देखिन्छ । बस, ट्रक, मिनि ट्रक, जिप, भ्यान, टिपर, माईक्रोबस, कार, मोटरसाईकल आदि नगरपालिकामा चल्ने मुख्य सवारी साधनहरु हुन् ।

## २.९ मानव संसाधनको अवस्था

सूर्यविनायक नगरपालिकामा प्रमुख प्रशासकिय अधिकृत, विभिन्न शाखा प्रमुख, प्राविधिकहरु, नगर प्रहरी, कार्यालय सहायक, कार्यालय सहयोगी, सवारी चालक गरी कुल ७८ जना कर्मचारीहरु कार्यरत छन् जसको विस्तृत विवरण तालिका ४ मा प्रस्तुत गरिएको छः

तालिका ४: कर्मचारीहरुको विवरण

| क्र.स. | पद | संख्या |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ |
| **प्रशासन शाखा** | | |
| २ | निर्देशक | १ |
| ३ | सहायक निर्देशक | २ |
| ४ | कम्प्युटर अपरेटर | १ |
| ५ | पि.ए. | १ |
| ६ | हलुका सवारी चालन | ४ |
| ७ | कार्यालय सहयोगी | ७ |
| ८ | एम्बुलेन्स चालक | १ |
| **आर्थिक प्रशासन शाखा** | | |
| ९ | शाखा प्रमुख | १ |
| १० | लेखा सहायक | २ |
| **राजश्व परिचालन तथा आन्तरिक लेखा परिक्षण शाखा** | | |
| १ | निर्देशक | १ |
| २ | लेखापाल | १ |
| ३ | कम्प्युटर अपरेटर | १ |
| ४ | कार्यालय सहायक | २ |
| **योजना तथा शहरी पूर्वाधार विकास शाखा** | | |
| १ | निर्देशक | १ |
| २ | ईन्जिनियर | १ |
| ३ | कम्प्युटर अपरेटर | १ |
| **भूमि व्यवस्थापन तथा भवन निर्माण शाखा** | | |
| १ | निर्देशक | १ |
| २ | उप-निर्देशक | २ |
| ३ | असिसेन्ट सब-ईन्जिनियर | १ |
| ४ | कार्यालय सहायक | ३ |
| ५ | कार्यालय सहयोगी | १ |

तालिका ४: कर्मचारीहरुको विवरण

| क्र.स. | पद | संख्या |
|---|---|---|
| **न्यायिक समिति** | | |
| १ | उजुरी प्रशासक | १ |
| २ | कानून सहजकर्ता | १ |
| **गैर सरकारी संस्था, सहकारी तथा उपभोक्ता हित संरक्षण शाखा** | | |
| १ | शाखा प्रमुख | १ |
| २ | कार्यालय सहायक | १ |
| **कृषि बिकास शाखा** | | |
| १ | सहायक निर्देशक | १ |
| २ | सहायक पाँचौ | १ |
| **शिक्षा, युवा तथा खेकलुद विकास शाखा** | | |
| १ | उप-सचिव | १ |
| २ | उप-निर्देशक | १ |
| ३ | सहायक निर्देशक | १ |
| ४ | शिक्षक | १ |
| **आधारभूत स्वास्थ्य शाखा** | | |
| १ | शाखा प्रमुख | १ |
| २ | स्वास्थ्य संयोजक | १ |
| **महिला, वालवालिका, जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा शाखा** | | |
| १ | सहायक निर्देशक | १ |
| २ | कार्यालय सहायक | २ |
| ३ | सामाजिक परिचालक | १ |
| **वातावरण तथा विपद व्यवस्थापन शाखा** | | |
| १ | निर्देशक | १ |
| **जिन्सी व्यवस्थापन शाखा** | | |
| १ | कार्यालय सहायक | ३ |
| **भुकम्प पुननिर्माण शाखा** | | |
| १ | अ.सब ईन्जिनियर | १ |
| **प्रधानमन्त्री रोजगार कार्यक्रम** | | |
| १ | रोजगार संयोजक | १ |
| २ | सव-ईन्जिनियर | १ |
| **पंजीकरण शाखा, सेवा ईकाई** | | |
| १ | एम. आई. एस. अपरेटर | २ |
| **कानुनी सल्लाहकार** | | |
| १ | वकिल | २ |
| **नगर प्रहरी** | | |
| १ | नगर प्रहरी निरीक्षक | १ |
| २ | नगर प्रहरी सहायक निरीक्षक | १ |
| ३ | नगर प्रहरी हवल्दार | ६ |
| ४ | नगर प्रहरी जवान | ६ |

तालिका ४: कर्मचारीहरुको विवरण

| क्र.स. | पद | संख्या |
|---|---|---|
| जम्मा | | ७८ |

*स्रोतः सूर्यविनायक दर्पण, २०७८*

त्यसैगरी नगरपालिकाको १० वटा वडा कार्यालयहरुमा वडा प्रशासकीय प्रमुख, ईन्जिनियर, सव-ईन्जिनियर, लेखा सहायक, कार्यालय सहायक, कार्यालय सहयोगी, सहायक कम्प्युटर अपरेटर गरी कुल ४६ जना कर्मचारीहरु कार्यरत छन् ।

## २.१० भौतिक सम्पतिको अवस्था

सूर्यविनायक नगरपालिकाको कार्यालय कटुन्जेमा रहेको छ । नगरपालिकाको आफ्नै नव निर्मित पक्की भवन छ । नगरपालिकाको सम्पतिको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका ५: नगरपालिकाको अचल सम्पतिको विवरण

| **क्र.स.** | **विवरण** | **एकाई** |
|---|---|---|
| १ | नगर कार्यपालिकाको भवन | १ |
| २ | वडा कार्यालय भवन | १० |
| ३ | स्वास्थ्य चौकीको भवन | ६ |
| ४ | नगर स्वास्थ्य केन्द्रको भवन | १ |
| ५ | सूर्यविनायक नगरपालिका अस्पताल, दधिकोट | १ |
| ६ | जिप | २ |
| ७ | ल्यापटप | ४० |
| ८ | पिकअप | ३ |
| ९ | स्कुटर | १४ |
| १० | सिलाई मेसिन | २६ |
| ११ | वाल पंखा | १२ |
| १२ | VHF मोवाईल सेट | १३ |
| १३ | प्रोजेक्टर | १ |
| १४ | फ्रिज | १ |
| १५ | प्रिन्टर | २७ |
| १६ | LED Display | १ |
| १७ | कम्प्युटर टेबल | १६ |
| १८ | मोटर साईकल | २२ |
| १९ | मोनीटर | ४ |
| २० | ग्यास हिटर | ५ |
| २१ | एयर कन्डिसनर | ५ |
| २२ | सोफासेट | १२ |
| २३ | डिजिटल तराजु | ३ |
| २४ | माईक्रो ओभन | ५ |

तालिका ५: नगरपालिकाको अचल सम्पतिको विवरण

| **क्र.स.** | **विवरण** | **एकाई** |
|---|---|---|
| २५ | डिक्सटक्स कम्प्युटर | ३३ |
| २६ | टेलिभिजन | १ |
| २७ | घर टहरा | १ |
| २८ | टोटल स्टेशन | १ |
| २९ | शोकेस | २ |
| ३० | ट्रिपर | २ |
| ३१ | स्टिल दराज | ५७ |
| ३२ | पानी तान्ने पम्प | ७ |
| ३३ | किचेन र्‍याक | १ |
| ३४ | ठेला गाडा | ११ |
| ३५ | एम्बुलेन्स | १ |
| ३६ | ईन्भर्टर | २ |
| ३७ | अफिस टेबल | १ |
| ३८ | ब्याट्री (BDC) | ६ |
| ३९ | र्‍याक | ४ |
| ४० | घुम्ने कुर्सी | १७ |
| ४१ | रोलर | १ |
| ४२ | टेबुल | ५३ |

# परिच्छेद ३: स्थानीय तहको राजश्व अधिकार तथा आय संभाव्यता

## ३.१ राजश्व अधिकार सम्बन्धी कानुनी व्यवस्था

नेपालको संविधानले स्थानीय तहलाई निम्नानुसारको राजश्व अधिकार प्रत्यायोजन गरेको छः

- सम्पति कर
- भूमिकर (मालपोत)
- घर बहाल कर
- सवारी साधन कर
- व्यवसाय कर
- मनोरन्जन कर
- सेवा शुल्क दस्तुर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- पर्यटन शुल्क
- विज्ञापन कर
- दण्ड जरिवाना

संघीय कानुन (स्थानीय सरकार संचालन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ।

**क) गाउँपालिका वा नगरपालिकाको एकल अधिकार**

**अ) कर**

- <u>सम्पत्ति करः</u> आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने। "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने। (आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन, २०७५ वाट संशोधित व्यवस्था)
- <u>भूमि कर (मालपोत):</u> आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने। तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने। (आर्थिक विधेयक २०७५ बाट संशोधित व्यवस्था)
- <u>घर जग्गा बहाल करः</u> कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा।
- <u>व्यवसाय करः</u> पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा।
- <u>सवारी करः</u> टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा।
- <u>जडिबुटी, कवाडी र जीवजन्तु करः</u> आफ्नो क्षेत्रभित्र उन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत।

**आ) शुल्क**

- बहाल बिटौरी शुल्कः आफुले निर्माण, रेखदेख वा संचालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- पार्किङ् शुल्कः आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ् सेवा उपलब्ध गराए बापत ।

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र संचालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बंजी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।
- आफुले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा *(खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)*
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**ई) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
  - एफएम रेडियो संचालन, "घ" वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग
  - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग
- नक्सा पास दस्तुर
- पंजीकरण व्यवस्थापन दस्तुर
- वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**उ) बिक्री गर्न सक्ने (केहि नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संसोधित व्यवस्था)**

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने ।

**ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको १०% रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने ।

**वन ऐन, २०७६**

**प्रमाणीकरण मिति**
२०७६।०६।२७

संवत् २०७६ सालको ऐन नं. १२

(२) उपदफा (१) बमोजिमको कार्ययोजना डिभिजनल वन अधिकृतले जाँचबुझ गरी उपयुक्त देखिएमा स्वीकृत गर्नेछ ।

**वनको विकासको लागि खर्च गर्नु पर्ने:** (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिनेछ ।

**ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने दफा (दफा ११-४)**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र बजार ब्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४) ले स्थानीय तहलाई निम्न अनुसार वित्तिय अधिकार प्रदान गरेको छः

**१) एकल कर प्रशासन सम्बन्धी व्यवस्था** (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)

क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

ग) मनोरन्जन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश संचित कोषमा जम्मा गर्नु पर्ने ।

ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने ।
- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई वाँडफाँट गर्ने ।
- प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय संचित कोषमा जम्मा गर्नुपर्ने ।

**२) राजश्व बाँडफाँट**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५% स्थानीय विभाज्य कोषमा जम्मा हुने ।
  - *आयोगले निर्धारिण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने ।*
  - *स्थानीय संचित कोषमा मासिक रुपमा प्राप्त हुने ।*
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५%
  - *प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने*

**३) अनुदान**

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- समपूरक अनुदानः पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट प्राप्त हुने

**४) वैदेशिक सहायतता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने ।
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने ।

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक ब्यवस्था) ।
- कर नलाग्नेः कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

सूर्यविनायक नगरपालिकाले आर्थिक बर्ष २०७८/७९ को लागि आर्थिक ऐन जारी गरी स्थानीय सरकारको कर तथा शुल्कहरु निर्धारण गरेको छ । नगरपालिकाको सोही ऐनको आधारमा सम्भाव्य आय शिर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले नगरपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई थप प्रस्ट पार्दछ ।

तालिका ६: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

| क्र.स. | आयका शिर्षकहरु | संभावना | दर | संकलन |
|---|---|---|---|---|
| **क** | **कर तर्फ** | | | |
| १ | सम्पति कर | √ | √ | √ |
| २ | भूमि कर | √ | √ | √ |
| ३ | घर जग्गा वहाल कर | √ | √ | √ |
| ४ | व्यवसाय कर | √ | √ | √ |
| ५ | सवारी साधन कर | √ | √ | नभएको |
| ७ | मनोरन्जन कर | √ | - | |
| ६ | जडिबुटि, कवाडी र जीवजन्तु कर | √ | √ | √ |
| ७ | सिफारिस दस्तुर | √ | √ | नभएको |
| ८ | विज्ञापन कर | √ | √ | √ |
| ९ | पर्यटन शुल्क | √ | √ | नभएको |
| १० | दण्ड जरिवाना | √ | √ | √ |
| **ख** | **गैरकर राजश्व** | | | |

| क्र.स. | आयका शिर्षकहरु | संभावना | दर | संकलन |
|---|---|---|---|---|
| १ | सवारी पार्किङ शुल्क | √ | √ | √ |
| २ | फोहोरमैला व्यवस्थापन शुल्क | √ | √ | √ |
| ३ | घर नक्शा पास दस्तुर | √ | √ | √ |
| ४ | ढुंगा,गिटी, वालुवा, दहत्तर बहत्तर शुल्क | √ | √ | √ |
| ५ | सिफारिस तथा वक्यौनी दस्तुर | √ | √ | √ |
| ६ | नाता प्रमाणित दस्तुर | √ | √ | √ |
| ७ | अन्य प्रमाणित दस्तुर | √ | √ | √ |
| ८ | दर्ता, अनुमति तथा नविकरण दस्तुर एफ एम रेडियो संचालन, घ वर्गको निर्माण ईजाजतपत्र, विद्यालय स्थापन, स्थानीय स्तरका व्यापारिक फर्म) | √ | √ | √ |
| ९ | अन्य स्रोत परिचालन (नक्सा फाराम, फोटोकपी, प्रोफाईल, घरनम्वर आदि) | √ | √ | √ |
| १० | वहाल विटौरी शुल्क | √ | √ | √ |
| ११ | सवारी, पटके र पार्किङ कर | √ | √ | √ |
| १२ | सार्वजनिक शौचालय शुल्क | √ | - | |
| १३ | जग्गा रेखांकन दस्तुर | √ | √ | √ |
| १४ | सरकारी सम्पतिको वहालबाट आय | √ | - | |
| १५ | फोहोरमैला व्यवस्थापन शुल्क | √ | √ | नभएको |
| १६ | पशुवधशाला सेवा शुल्क | √ | - | |
| १७ | सडक वत्ती सेवा शुल्क | √ | - | |
| १८ | ढल निकास सेवा शुल्क | √ | - | √ |
| १९ | दण्ड जरिवाना | √ | √ | √ |

माथी उल्लेख गरिएका शिर्षकहरु मध्ये करतर्फ सम्पति कर, भूमिकर, व्यवसाय कर, घरजग्गा वहाल कर र विज्ञापन कर संकलन भएको देखिन्छ भने गैरकर र्तफ सवारी पार्किङ शुल्क, फोहोरमैला व्यवस्थापन शुल्क, घर नक्शापास दस्तुर, सिफारिस तथा प्रमाणित दस्तुर, ढुंगा गट्टी वालुवा विक्रि, नाता प्रमाणित दस्तुर, बहाल विटौरी शुल्क आदिबाट भने कर संकलन भएको देखिन्छ। सूर्यविनायक नगरपालिका राजधनी काठमाण्डौसंग नजिकै रहेको र तिब्र शहरीकरण तर्फ अगाढी बढिरहेकोले मनोरन्जन कर, विज्ञापन कर, सवारी कर, पर्यटन सेवा शुल्क, ढल निकास, सडक बत्ति, मेसिन औजार भाडा, सार्वजनिक संरचना मर्मत संभार आदिबाट राजश्व संकलन हुने संभावना भएतापनि त्यसबाट उल्लेख्य रुपमा राजश्व असुली हुन सकेको छैन। सवारी करको सम्भावना भएर दर निर्धारण गरिएको भएपनि संकलन भएको देखिदैन। सरकारी सम्पत्ति (जेसीबी, ट्रयाक्टर) को बहाल लगाउन सकिने भएपनि हालसम्म सो शिर्षकबाट आय संकलन भएको छैन। अन्य शीर्षकका हकमा पनि सम्भावना छ तर असुली शुरु भएको छैन।

## ३.३ आन्तरिक आय संकलनको प्रमुख क्षेत्र र संभावान विश्लेषण

### ३.३.१ स्थानीय कर राजश्व

**क) सम्पति कर**

**हालको अवस्था**

नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा ३ मा "नगरपालिकाको क्षेत्रभित्र अनुसूची १ (ख) बमोजिम एकीकृत सम्पत्ति कर लागू गरी कार्यान्वयन गरिने व्यहोरा उल्लेख गरिएको छ। आर्थिक ऐनको अनुसूची १ (ख) मा ३६ वटा क्याटेगोरीमा सम्पति करको दर निर्धारण गरिएको छ। सम्पति कर समयमा नै दाखिला नगरेमा बार्षिक १०% जरिवाना लाग्ने व्यवस्था छ भने झूठा विवरण पेश गरी पुनःमूल्याङ्कनमा लाग्ने जरिवाना २५% रहेको छ। त्यसैगरी झुठा विवरण सम्पति कर उजुरी सुराकी पुरस्का जरिवारनाको २५% रहेको छ। नगरपालिकाको "सूर्यविनायक दर्पण २०७८" अनुसार आर्थिक बर्ष २०७८/७९ मा सम्पति करबाट बार्षिक रु १,१७,३६,३३६ आय हुने लक्ष्य रहेकोमा हालसम्म रु १,९०,००,००० संकलन भएको देखिन्छ। सम्पति करको दररेट न्यूनतम रु २५ देखि रु ६०,००० सम्म तोकिएको छ। रु ५ करोड भन्दा माथिको सम्पतिमा प्रति हजार रु २ रुपैया कर लाग्ने व्यवस्था छ गरिएको छ।

**संभावना**

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार सूर्यविनायक नगरपालिकामा कुल ३५८८५ घरधुरी छन् भने ७०% घरको स्वामित्त आफ्नै रहेको देखिन्छ। विद्यमान कानुनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको हुँदा नगरपालिकामा आफ्नै स्वामित्वको जग्गामा घर भएका (करिब ७०%) घरधुरीको कुल २५११९ घरधुरीलाई सम्पत्ति करको करदाता गणना गर्न सकिन्छ। नगरपालिकाको अधिकांश क्षेत्र शहरी भेगमा पर्ने भएकोले सम्पतीको न्यूनतम मूल्याङकन नै रु १ लाख रहेको छ। नगरपालिकालको आर्थिक ऐन २०७८ ले ३६ वटा क्याटोगोरीमा सम्पतिको मूल्याङ्कन गरी १ लाख देखि ५० करोड सम्मको सम्पतिको कर निर्धारण गरिएको छ। जसमा ५ करोड भन्दा बढिको सम्पतिमा प्रति हजार रु २ रुपैया कर लाग्ने व्यवस्था गरिएको छ। उक्त मूल्याङकन दर अनुसार संभावित करदताहरुलाई १५ वटा क्याटागोरीमा विभाजन गरी संभाव्य सम्पतिको गणना निम्नानुसार गरी आगामी बर्षको लागि आय प्रक्षेपण गरिएको छ। गत बर्षको सम्पति करको उत्साहजनक बृद्धिदरलाई हेर्दा नगरपालिकाले आगामी केहि बर्षभित्रमा नै प्रक्षेपित सम्पति करको लक्ष्य पुरा गर्न सक्ने देखिन्छ।

तालिका ७: संभाव्य सम्पति करदाता तथा सम्पति कर

| विवरण | घरधुरी | औसत दर | संभाव्य कुल आय |
|---|---|---|---|
| रु १ लाख देखि ३० लाख सम्म | ८७९ | ५० | ४३९५० |
| रु ३० लाख देखि ६० लाख | १५०० | १०० | १५०००० |
| रु ६० लाख देखि ८० लाख | २००० | १२५ | २५०००० |

| | | | |
|---|---|---|---|
| रु ८० लाख देखि १ करोड | २६०० | १७५ | ४५५००० |
| रु १ करोड देखि २ करोड | ७५०० | ३५० | २६२५००० |
| रु २ करोड देखि ३ करोड | ५००० | ८५० | ४२५०००० |
| रु ३ करोड देखि ५ करोड | १५०० | १२०० | १८००००० |
| रु ३ करोड देखि ४ करोड | १२०० | २५०० | ३०००००० |
| रु ५ करोड देखि ७ करोड | १००० | ३५०० | ३५००००० |
| रु ७ करोड देखि १० करोड | ८०० | ८००० | ६४००००० |
| रु १० करोड देखि १५ करोड | ५०० | १२००० | ६०००००० |
| रु १५ करोड देखि २०करोड | ३५० | १८००० | ६३००००० |
| रु २० करोड देखि ३० करोड | १५० | २२००० | ३३००००० |
| रु ३० करोड देखि ४० करोड | १०० | ३५००० | ३५००००० |
| रु ४० करोड देखि ५० करोड | ५० | ५०००० | २५००००० |
| जम्मा | २५१२९ | | ४४०७३९५० |

**सुधारका पक्षहरु**

सम्पत्ति कर कार्यान्वयनका लागि नगरपालिकाले गर्नुपर्ने विषयहरु निम्नानुसार रहेको देखिन्छः

- आर्थिक ऐनमा उल्लेखित करको दर पुनर्विचार गर्ने ।
- सम्पत्ति कर सम्बन्धी जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि सचेतना तालिम संचालन गर्ने ।
- सम्पत्ति कर सम्बन्धी नगरवासीहरुलाई विभिन्न माध्यमहरुबाट सूचित गर्ने ।
- व्यवसायको करको लगत संकलन गरी व्यवसाय करको अभिलेखलाई सम्पत्ति करको अभिलेखसंग आवद्ध गर्ने ।

**ख) मालपोत वा भूमि कर**

**हालको अवस्था**

नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा ३ मा अनुसूची १ (ख) वमोजिम मालपोत वा भूमिकरको दर निर्धारण गरिएको छ । यसमा नगरपालिकाको वडा अनुसार प्लानिङ मोटर बाटो, पक्की सडकको दाँयाबाँया, कच्ची सडकको दाँयाबाँया, सहायक बाटोको दाँयाबाँया, शाखा बाटोको दाँयाबाँया, गोरटे बाटो, चलनचल्तीको बाटो, कुलोबाटो, बाटो नभएको खेतियोग्य जमिन, बाटो भएको खेतियोग्य जमीन, पाखोबारी, पहाडी जमीन, सडकको मापदण्ड, अरनिको राजमार्गमा जोडिएको जग्गाहरु आदि वमोजिम वर्गीकरण गरी जग्गाको न्यूनतम मूल्याङ्कनको आधारमा भूमि करको दर तोकिएको छ । जस अनुसार प्रति रोपनी जग्गाको मूल्याङ्कन सडकको पहुँच र वडा अनुसार रु ७,००० देखि रु ८,००,००० सम्म (अरनिको राजमार्गले छोएको) तोकिएको छ । यसरी तोकिएको न्यूनतम दर रेट वा सम्पति धनीको स्व-घोषणा मध्ये जुन बढी हुन्छ त्यही दररेट कायम गर्न सकिने व्यवस्था आर्थिक ऐनले गरेको छ । भूमिकरबाट नगरपालिकाको आर्थिक बर्ष २०७७/७८ मा रु ४९१३७४ असुल गरेको देखिन्छ ।

**संभाव्यता**

नगरपालिकाको "सूर्यविनायक दर्पण २०७८" अनुसार २२२८.८६ हेक्टर (४८८११.६३ रोपनी) खेतियोग्य जमीन रहेको छ । कुल कृषियोग्य भूमि मध्ये करिब ७०% जमीन सडकसंग जोडिएको अनुमान गर्न सकिन्छ । नगरपालिकाको खेतियोग्य भूमिलाई मूल्याङ्कनको आधारमा विभाजन गर्दा तालिका ६ बमोजिम रकम असुल हुनसक्ने देखिन्छ । यसप्रकार जमीनको मूल्याङ्कनको आधारमा मालपोतको हिसाव गर्दा करिब रु. ७,०२,००,२७५ थप प्राप्त हुनसक्ने देखिन्छ । उल्लेखित रकम घर र घरले चर्चेको जग्गामा लाग्ने सम्पत्ति कर बाहेक नै प्राप्त हुनेगरी हिसाव गरिएको छ । सूर्यविनायक नगरपालिका राजधानी काठमाण्डौसंग जोडिएको र तिब्र रुपमा शहरीकरण भैरहेकोले तालिका ८ प्रस्तुत गरिएको मालपोतको प्रक्षेपित रकम असुल हुने सक्ने देखिन्छ ।

तालिका ८: मालपोतको संभावित प्रक्षेपण

| जमीनको प्रकार | रोपनी | दर (रु) | कुल रकम (रु) |
|---|---|---|---|
| अरनिको राजमार्गसंग जोडिएको | ३००० | ३००० | ९०००००० |
| पक्की सडकले जोडिएको | १५००० | २५०० | ३७५०००००० |
| ग्राभेल सडकले जोडिएको | १०००० | १५०० | १५०००००० |
| सहायक सडकले जोडिएको | ७००० | ८०० | ५६०००००० |
| कच्ची सडकले जोडिएको | ५००० | ५०० | २५०००००० |
| गोरेटो सकडले जोडिएको | १२०० | २०० | २४०००० |
| कुलो बाटोले जोडिएको | ६०० | १०० | ६०००० |
| पाखोबारी | ५००० | ५० | २५०००० |
| भिरालो जमीन | २०११ | २५ | ५०२७५ |
| कुल | ४८८११ | | ७,०२,००,२७५ |

**सुधारका पक्षहरु**

यस सम्बन्धमा सुधारका पक्षहरु देहाय अनुसार छनः

- खेतियोग्य जमीनको यकिन तथ्याङ्क संकलन गर्ने ।
- आर्थिक ऐनमा मापलोतको दर उल्लेख गर्ने ।
- साविकको वर्गीकरणका आधारमा बढी मूल्य पर्ने जग्गाको यथार्थ लगत तयार पार्ने ।

**ग) व्यवसाय कर**

**हालको अवस्था**

नगरपालिकाले आर्थिक ऐन २०७८ मार्फत् नगरपालिका क्षेत्रभित्र संचालित उद्योग, व्यापार व्यवसाय वा सेवामा पूंजिगत लगानी र आर्थिक कारोवारका आधारमा आर्थिक ऐनको दफा ४ को अनुसूचि ३ वमोजिम व्यवसाय दर्ता तथा नवीकरण कर लगाईने र असुल गर्ने व्यवस्था रहेको छ । आर्थिक ऐनमा विभिन्न प्रकारका व्यवसाय लगायत उत्पादनमूलक उद्योग र सेवा उद्योगहरुमा व्यवसाय करको बार्षिक दर निर्धारण गरेको छ

। सबैभन्दा बढी १० करोड भन्दा माथिको व्यवसायलाई रु २० लाख सम्म बार्षिक शुल्क तोकिएको छ । सूर्यविनायक नगरपालिका गठन पश्चात दर्ता भएका व्यवसायहरु नविरकण गराउनु पर्नेमा आर्थिक बर्ष को पहिलो छ महिनासम्म (पौष मसान्तसम्म) जरिवाना नलाग्ने व्यवस्था छ । उक्त समय पश्चात भने व्यवसाय नविकरणको लागि दर्ता रकमको १०% शुल्क लाग्ने व्यवस्था रहेको छ तर व्यवसाय नविकरणको शुल्क भने अनुसूचीमा राखिएको छैन । नगरपालिकाले आर्थिक बर्ष २०७८/७९ मा व्यवसाय दर्ता तथा नविकरणबाट रु २,५०,००,००० असुल हुने लक्ष्य रहेकोमा हालसम्म रु १,२५,७१,४०० संकलन भएको देखिन्छ ।

**संभावना**

"सूर्यविनायक दर्पण २०७८" का अनुसार नगरपालिकामा हालसम्म दर्ता/सूचीकृत भएका व्यवसायहरुको संख्या २२१६ रहेको छ । त्यस अलावा नगरपालिकामा ५६ वटा संस्थागत विद्यालय, २१ वटा मन्टेश्वरी, ३५ वटा बैंक तथा वित्तिय संस्थाहरु, ५२ वटा पार्टी प्यालेस तथा क्याटरिङ, १२५ वटा चुरोट तथा मदिरा थोक विक्रेता, २२७ वटा सहकारीहरु दर्ता भै संचालनमा रहेको देखिन्छ । नगरपालिकाको अरनिको राजमार्गको दाँयाबाँया, अन्य बजार आसपास, मुख्य चोकहरुमा रहेका व्यापार व्यवसाय, उद्योग तथा बजार क्षेत्रमा स-साना होटल रेष्टुरेन्ट आदि हेर्दा यो संख्या अझ बढी रहेको अनुमान गर्न सकिन्छ । यस अनुसार उपलब्ध व्यवसाय र नगरपालिकाको आर्थिक ऐन अनुसारको दररेट हेर्दा व्यवसायीको कर तिर्ने सामर्थ्य अनुसार व्यवसाय करको सम्भाव्यता निम्न अनुसार आँकलन गरिएको छः

तालिका ९: व्यवसाय करको अनुमानित प्रक्षेपण

| क्र.स. | करदाता | संख्या | औसत करको दर | संभावित आय रु |
|---|---|---|---|---|
| १ | ठुला उद्योगहरु | १० | २००००० | २०००००० |
| २ | घरेलु तथा साना उद्योगहरु | २८२ | २०००० | ५६४०००० |
| ३ | मझौला तथा थोक व्यवसायहरु | १८६ | ५००० | ९३०००० |
| ४ | चुरोट, मदिरा थोक विक्रेता | १९५ | २०००० | ३९००००० |
| ५ | हार्डवेयर | ११० | २०००० | २२००००० |
| ६ | होटल तथा रेष्टुरेन्ट | १८१ | १५००० | २७१५००० |
| ७ | पार्टी प्यालेस तथा क्याटरिंग सेवा | ५२ | २०००० | १०४०००० |
| ८ | कृषिसंग सम्बन्धित व्यवसाय | ९२ | १५०० | १३८००० |
| ९ | नगरपालिकामा दर्ता भएका सहकारी | १७० | २५०० | ४२५००० |
| १० | संघ/प्रदेशमा दर्ता भएका सहकारी | ५७ | २५०० | १४२५०० |
| ११ | संस्थागत विद्यालय | ५६ | २५०० | १४०००० |
| १२ | मन्टेश्वरी | २१ | १५०० | ३१५०० |
| १३ | ट्राभल एजेन्सी | १२० | ५००० | ६००००० |
| १४ | हाउजिङ तथा रियल स्टेट व्यवसाय | १५ | ३५००० | ५२५००० |
| १५ | बैंक तथा वित्तिय संस्था | ३५ | २५००० | ८७५००० |
| १६ | सवारी साधन विक्रेता | २५ | १५००० | ३७५००० |
| १७ | नीजि अपताल, नर्सिङ होम, प्याथोलोजी, पोलीक्लिनिक | ७५ | २०००० | १५००००० |
| १८ | साना थोक तथा खुद्रा व्यापार | ९०० | ३००० | २७००००० |
| | जम्मा | २५८२ | | २५८७७००० |

त्यसका अलावा नगरपालिकामा बार्षिक २५० वटा नयाँ घरेलु तथा साना उद्योगहरु व्यवसायहरु दर्ता हुने अनुमान गर्दा प्रति व्यवसाय सरदर रु १०,००० का दरले थप व्यवसाय कर असुल भै थप रु २५,००,००० गरी कुल रु २,८३,७७,००० संकलन हुने प्रक्षेपण गरिएको छ ।

**सुधारका पक्षहरू**

नगरपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउन निम्न कार्यहरू गर्न प्रस्ताव गरिएको छः

- नगरपालिकामा संचालित व्यवसाय करको दर पुनरावलोकन गर्ने ।
- सबै व्यवसायीलाई व्यवसाय दर्ताको आह्वान गर्ने तथा ब्यवसाय दर्ताका लागि घुम्ती शिविरलाई हरेक वर्ष निरन्तरता दिने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- ब्यवसायीहरुमा कर तिर्न प्रोत्साहित गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने ।
- कर शिक्षा कार्यक्रम संचालन गर्ने ।
- बढी कर तिर्ने व्यवसायीहरुलाई पुरस्कृत गरी प्रोत्साहन गर्ने ।

**घ) विज्ञापन कर**

**हालको अवस्था**

विद्यमान कानुनी व्यवस्था अनुसार नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन प्रचार-प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल अदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानुन अनुसार यो प्रदेश सरकारसंग बाँडफाँड हुने कर हो । सूर्यविनायक नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा ७ मा नगरपालिका क्षेत्र भित्र हुने विज्ञापन सेवामा अनुसूची (६) वमोजिम विज्ञापन कर असुल गर्न सकिने व्यवस्था गरिएको छ । आर्थिक ऐनको अनुसूची ६ अनुसार यस्तो विज्ञापनको दर बार्षिक प्रति वर्ग फिट रु २० देखि रु १२०० सम्म तोकिएको छ भने मदिरा र सूर्ती जन्य विज्ञापनमा थप ५०% दस्तुर लाग्ने व्यवस्था छ । नगरपालिकाले आर्थिक बर्ष २०७८/७९ मा विज्ञापन कर वापत रु. ५०,००,००० संकलन गर्ने लक्ष्य लिएकोमा हालसम्म रु. १५,००,००० मात्र संकलन गरेको देखिन्छ ।

**सम्भावना**

सूर्यविनायक नगरपालिकाको अरनिको राजमार्ग आसपासमा ३०० वर्ग फिटका ठूला होर्डिङ बोर्डहरु १५० जति र १५० वर्ग फिट जतिका साना ३५० जति होर्डिङ वा साइन बोर्डहरु राखिएका छन् । त्यसैगरी नगरपालिकाको मुख्य बजार र चोकहरुमा पनि २०० वर्ग फिटका ठूला १२५ र १५० वर्ग फिटका साना १५० जति होर्डिङ बोर्ड र साइनबोर्डहरु छन् । त्यस्तै चलचित्र विज्ञापन वोर्ड, स्कोरल भिजन बोर्ड, सटर पेन्टिङ, पोल व्यानर, डिजिटल होर्डिङ बोर्ड, छतमाथिको विज्ञापन वोर्ड आदि समेत गरेर अन्य १५०० जति विज्ञापन वोर्डहरु छन । तिनीहरुको कर वापत प्रति वर्ग फिट औसत रु. १०० देखि १२०० सम्मले हिसाव

गर्दा करिब रु. ४,१०,९०,००० विज्ञापन कर असुल हुने सक्ने देखिन्छ । नगरपालिकाको आर्थिक ऐन अनुसारको दररेट हेर्दा विज्ञापन करको सम्भाव्यता निम्न अनुसार आँकलन गरिएको छः

तालिका १०: विज्ञापन करको अनुमानित प्रक्षेपण

| क्र.स. | विवरण | संख्या | आकार (वर्ग फिट) | विज्ञापन दर (प्रति वर्ग फिट) | जम्मा |
|---|---|---|---|---|---|
| १ | अरनिको राजमार्ग आसपासका ठूला होर्डिङ बोर्ड | १५० | ३०० | १५० | ६७५०००० |
| २ | अरनिको राजमार्ग आसपासका साना होर्डिङ बोर्ड | ३५० | १५० | १५० | ७८७५००० |
| ३ | नगरपालिकाको मुख्य चौक र बजारका ठूला होर्डिङ बोर्ड | १२५ | २०० | १५० | ३७५०००० |
| ४ | नगरपालिकाको मुख्य चौक र बजारका साना होर्डिङ बोर्ड | १५० | १५० | १५० | ३३७५००० |
| ५ | चलचित्र विज्ञापन बोर्ड | ५० | ५० | ३०० | ७५०००० |
| ६ | स्कोरल भिजन बोर्ड | १५० | २५ | २०० | ७५०००० |
| ७ | ब्यानर/फिल्म पोस्टर | ५० | ५० | १२०० | ३०००००० |
| ८ | सटर पेन्टिङ | ५०० | १२० | २० | १२००००० |
| ९ | पोल ब्यानर | ३५० | १२ | २०० | ८४०००० |
| १० | डिजिटल होर्डिङ बोर्ड | ३५० | ३० | १०० | १०५०००० |
| ११ | छतमाथिको विज्ञापन बोर्ड | ७० | १५० | १००० | १०५००००० |
| १२ | व्यवसायी भवन प्रवेश द्वार विज्ञापन | ५० | ५० | ५०० | १२५०००० |
| जम्मा | | | | | ४१०९०००० |

**सुधारका पक्षहरू**

- विज्ञापनका सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्यांक संकलन गर्ने ।
- नगरपालिकाको अनुमति बिना जथाभावि रुपमा विज्ञापनका होर्डिकङ बोर्डहरु राख्न निषेध गर्ने ।
- संकलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारिण गर्ने ।
- सम्भाव्य स्थानहरुमा विज्ञापन प्रवर्द्धनको वातावरण तयार गर्ने ।

**ङ) घर/जग्गा वहाल कर**

**हालको अवस्था**

नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा ३ मा घरजग्गा वहाल करको व्यवस्था रहेको छ । सूर्यविनायक नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, भवन, पसल, ग्यारेज, गोदाम, छप्पर, सेड, जग्गा, पोखरी, पार्क, हलभाडा लगायतका संरचना आंशिक तवरले वा अन्य कुनै आम्दानी हुने गरी वहालमा दिईएकोमा अनुसूची (२) वमोजिम वहाल अंकको १०% वहाल कर लाग्ने व्यवस्था गरिएको छ । आवासीय प्रयोजनका लागि दिईएको घरको हकमा भने वहाल अंको ५% वहाल कर लाग्ने व्यवस्था गरिएको छ । सूर्यविनायक

नगरपालिका राजधानी काठमाण्डौसंग जोडिएको र तिब्र शहरीकरण तर्फ उन्मुख भएकोले नगरपालिकामा व्यापारिक र आर्थिक गतिविधिहरु बढिरहेको तथा ठूला व्यापारिक भवनहरु निर्माण भैरहेको छन । तर संस्थागत रुपमा बहालमा बस्ने संस्थाहरूले अन्य निकायको कानूनी प्रावधानका कारण नबुझाई नहुने भएको खण्डमा मात्र वहाल कर बुझाउने गरेको देखिन्छ । त्यसैले वहाल कर पूर्ण रुपमा कार्यान्वियन हुन सकेको खण्डमा यसबाट नगरपालिकाले मनग्ये कर संकलन गर्ने सक्ने देखिन्छ । नगरपालिकाले आ.व. २०७८/७९ मा यस शीर्षकवाट रु. २,२५,००,००० संकलन गर्ने लक्ष्य लिएकोमा रु १,०५,६८,३११ संकलन भएको देखिन्छ ।

**संभावना**

राष्ट्रिय जनगणना २०६८ को प्रारम्भिक तथ्याङ्क अनुसार सूर्यविनायक नगरपालिकामा कुल ३५८८५ घरधुरी छन । जसमध्ये नगरपालिका क्षेत्रमा करिव १०००० घरधुरीले आफ्नो घरजग्गा वहाल दिएको अनुमान गर्न सकिन्छ । नगरपालिकाको विद्यमान घरजग्गा वहाल कर (१०%) को आधारमा विश्लेषण गर्दा देहाय बमोजिम वहाल कर संकलन हुने प्रारम्भिक अनुमान गर्न सकिन्छ ।

तालिका ११: वहाल करको अनुमानित प्रक्षेपण

| क्र.स. | प्रयोजनका आधारमा वहालमा वस्ने | संख्या (क) | मासिक वहाल (ख) | बार्षिक वहाल (ग) | जम्मा वहाल असुली (घ) | वहाल कर (१०%) |
|---|---|---|---|---|---|---|
| | | | | ख × १२ | क × ग | |
| १ | बैंक तथा वित्तिय संस्था | ३५ | २०००० | २४०००० | ८४०००००० | ८४००००० |
| २ | सहकारी संस्था | २२७ | १५००० | १८०००० | ४०८६०००० | ४०८६००० |
| ३ | अन्य संघ सस्था | ३५० | १५००० | १८०००० | ६३०००००० | ६३००००० |
| ४ | ठूला व्यवसायहरु | १० | १५०००० | १८००००० | १८०००००० | १८००००० |
| ५ | होटल तथा रेष्टुरेन्ट | १८१ | २५००० | ३००००० | ५४३०००००० | ५४३००००० |
| ६ | अन्य व्यवसायहरु | ५०० | २०००० | २४०००० | १२०००००००० | १२०००००० |
| ७ | सटर भाडा | ३००० | ३००० | ३६००० | १०८०००००० | १०८००००० |
| ८ | घरयासी प्रयोजनमा बस्नेहरु | १०००० | २५०० | ३०००० | ३००००००००० | ३०००००००० |
| कुल | | १४३०३ | | ३००६००० | ७१२५६०००० | ७१२५६००० |

**सुधारका पक्षहरू**

- वहालमा भएका घरजग्गाको लगत संकलन गरी अद्यावधिक गर्ने र सम्पत्ति करसंग आवद्ध गर्ने ।
- घर तथा जग्गा धनि र वहालवालाहरू बिचको वहाल सम्झौता अनिवार्य गर्ने ।
- घरजग्गा वहाल रकम मूल्यांकन गर्न संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटका दरले वहाल मूल्य निर्धारण गर्ने र सो वमोजिम वहाल रकम निर्धारण गरी कर संकलन गर्ने ।
- घरजग्गा वहाल कर संकलन कार्यविधि तर्जुमा गर्ने ।

### च) जडिबुटि, कवाडी र जिवजन्तु कर

#### हालको अवस्था

नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा ५ मा जडिबुटी, कवाडी, जीवजन्तु करको व्यवस्था गरिएको छ । जसमा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, नवकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक करोवार गरेवापत अनुसूची ४ वमोजिम कर लगाईने र असुल गरिने व्यवस्था छ । तर यी शीर्षकहरुमा नगरपालिकाले हालसम्म कुनै कर संकलन गर्न सकेको छैन । सबैभन्दा बढी छाला ठूलो प्रति गोटा रु ३० कर तोकिएको छ भने खाली सिसी (मदिरा र अन्य) ५०० एम. एम. भन्दा तलको सीसीमा ०.२५ पैसा प्रति गोटा कर तोकिएको छ ।

#### संभावना

सूर्यविनायक नगरपालिका राजधानी काठमाण्डौसंग जोडिएको र तीव्र शहरीकरण भैरहेको नगरपालिका हो । जसले गर्दा कवाडी मालवस्तुको संकलन र निर्यात हुने सक्ने संभावना रहेको छ । त्यसैगरी जडिबुटीको संकलन तथा बिक्री सम्बन्धमा कुनै तथ्यांक नभए पनि आसपासको ग्रामीण क्षेत्रमा यसको उत्पादन र विक्रीको सम्भाब्यता देखिन्छ । सूर्यविनायक नगरपालिकाका ग्रामिण भेगमा कुखुरा, खसी, बोका, भैसीहरुको पालनपोषण हुने भएकोले नगरपालिकाबाट भक्तपुर, ललितपुर र राजधानी काठमाण्डौ उपत्यकामा मासु र छालाको निकासी हुन सक्ने संभावना समेत रहेको छ । त्यसैले यस नगरपालिकामा उल्लेखित शिर्षकमा कवाडी तर्फ २० लाख, जडिबुटी तर्फ ५ लाख, पशुजन्य पदार्थ तर्फ ५ लाख गरी ३० लाखसम्म बार्षिक कर संकलन हुने प्रारम्भिक अनुमान गरिएको छ ।

#### सुधारका पक्षहरू

जडिबुटि, कवाडी र जिवजन्तु कर संकलनको लागि निम्न पक्षहरुमा सुधार ल्याउनुपर्ने देखिन्छः

- व्यवसायीहरुको दर्ता र अभिलेखीकरण गर्ने ।
- कवाडी वस्तुहरुको व्यवसायिक कारोवार गर्नेलाई इजाजत प्रदान गरी वार्षिक ठेक्का वन्दोवस्त गरी कर संकलन गर्ने ।
- जडीबुटीको र जिवजन्तुको उपलब्धता पत्ता लगाई कारोबारमा कर संकलन शुरुवात गर्ने ।
- जडिबुटी, कवाडी तथा जीवजन्तुको व्यावसायिक रुपमा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर संकलन गर्ने ।

### ३.३.२ गैर कर राजश्व

### क) घर नक्शा पास एवं रजिष्ट्रेशन दस्तुर

#### हालको अवस्था

नगरपालिकाको आर्थिक ऐन २०७८ मा घर  नक्शापास सम्बन्धि दफा व्यवस्था उल्लेख गरेको देखिदैन । तर उक्त ऐनको अनुसूची १० को “नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सेवा शुल्क दस्तुर” अन्तरगत क्रम संख्या १३ मा भने घरनक्शा पास सम्बन्धी दस्तुर उल्लेख भएको पाईन्छ । नगरपालिकामा हाल नक्शापास अनिवार्य गरिएको भएतापनि नगरपालिकाका कतिपय वडाहरु ग्रामिण प्रकृतिका रहेकोले उक्त वडाहरुमा घर तथा भवन निर्माण गर्दा नक्शापास सम्बन्धी व्यवस्थाको चेतना अभाव र नगरपालिकाको कम पहुँचले गर्दा नक्शा पास बिनै घर निर्माण गर्ने चलन विद्यमान छ । नगरपालिकाको घर नक्सा पास एवं रजिष्ट्रेशन दस्तुर सडकको पहुँच हेरी प्रति वर्ग फिट रु  ७ (गोरटो बाटोले छोएको जग्गा) देखि रु २५ प्रति वर्ग फीट (अरनिको राजमार्गसंग जोडिएको राधे राधे देखि जगाती पुलसम्मको जग्गा) सम्म तोकिएको छ । नगरपालिकाले आर्थिक बर्ष २०७८/७९ मा घर नक्शा पास रजिष्ट्रेशनबाट रु ४,०५,००,००० संकलन गर्ने लक्ष्य रहेकोमा हालसम्म रु २,५२,६०,३०७ संकलन गरेको देखिन्छ ।

**सम्भावना**

यस नगरपालिका क्षेत्रमा बढ्दो शहरीकणसंगै भवन निर्माणमा तिव्रता देखिन्छ । हाल यस क्षेत्रमा प्रायः जसो न्युनतम १५०० वर्ग फिटका घरहरू निर्माण भईरहेका छन् । आगामी आर्थिक बर्षमा यस नगरपालिकामा करिब २००० वटा नयाँ घर निर्माण हुने र सरदर प्रति वर्ग फुट रु २० रुपैया नक्शापास दस्तुर लगाउदा पनि रु ६,००,००,००० रुपैया संकलन हुन सक्ने देखिन्छ । त्यस्तै पुराना २०० वटा घर नक्सा पासको दायरामा आउन सक्ने अनुमान गर्न सकिन्छ । त्यसबाट प्रति घर न्यूनतम रु १०,००० दस्तुर संकलन भएमा पनि थप रु २०,००,००० आम्दानी भै कुल रु ६,२०,००,००० हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरू**

- घर अभिलेखीकरण तथा नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्ने ।
- घर अभिलेखीकरणका लागि सार्वजनिक सूचना जारी गरी वैंक तथा वित्तिय संस्थाहरुसँग समन्वय गर्ने ।
- मापदण्ड तथा कार्यविधिहरू अनुसार नक्सापास प्रावधान कडाईका साथ लागु गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर समयानुकुल परिमार्जन गर्ने ।
- घर नक्शा पास एवं रजिष्ट्रेशन दस्तुर सम्बन्धि दफा नगरपालिकाको आर्थिक ऐनमा थप गर्ने सो वमोजिम छुटै अनुसूची तयार गरी नक्शा पासको दस्तुर आर्थिक ऐनमा समावेश गर्ने ।
- नगरपालिका गठन पूर्व वनेका घरहरूको अभिलेखीकरणको लागि दस्तुर आर्थिक ऐनमा समावेश गर्ने।
- नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।

**ख) वहाल विटौरी शुल्क**

**हालको अवस्था**

नगरपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका वा सार्वजनिक, पर्ती जग्गाहरुमा नगरपालिकाको पूर्व स्वीकृतिमा संचालन हुने सार्वजनिक निर्माणका वा अन्य प्रयोग भएमा नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा ९ को अनुसूची ८ मा उल्लेख भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लिने व्यवस्था गरिएको छ । यस्तो शुल्क बाटोको पहुँच र क्षेत्र अनुसार प्रति वर्ग फिट रु २० देखि ६० सम्म तोकिएको छ । नगरपालिकाले आर्थिक बर्ष २०७८/७९ मा वहाल वरौटी शुल्क वापत रु १००००० आम्दानी हुने लक्ष्य राखेकोमा हालसम्म रु ४०० मात्र रकम संकलन गरेको देखिन्छ ।

**संभावना**

अरनिको राजमार्ग लगायत नगरपालिकाको मुख्य बजार क्षेत्र र सडक आसपासमा रहेका सडक अधिकार क्षेत्रमा निर्माण गरिएका टहरा, होटेल, रेष्टुरेन्टहरुसँग वहाल विटौरी शुल्क असुल गर्न सकिन्छ । नगरपालिकामा सडक क्षेत्रमा निर्माण भएका टहरा, पसलहरु करिब २०० को संख्यामा रहेका र तिनीहरुसँग प्रति पसल वार्षिक रु ५,००० को दरले असुल गर्दा रु १०,००,००० आय प्राप्त हुने देखिन्छ ।

**सुधारका पक्षहरू**

नगरपालिकाको वहाल विटौरी शुल्कमा सुधारको लागि निम्नानुसार प्रस्ताव गरिएको छः

- नगरपालिकाभित्र भएका सार्वजनिक वा सडक अधिकार क्षेत्र भित्रका जमिनको विवरण संकलन गर्ने।
- संकलित विवरणका आधारमा पसल, टहरा र छाप्राहरूको वर्गीकरण गरी वहाल विटौरी शुल्क संकलन गर्ने ।

**ग) सिफारिश तथा प्रमाणित दस्तुर**

**हालको अवस्था**

नगरपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट संकलन गरिआएको छ । आर्थिक ऐनको अनुसूची १० मा विभिन्न किसिमका सिफारिस तथा प्रमाणित दस्तुरको दर निर्धारण गरेको छ । नगरपालिकाले आर्थिक बर्ष २०७८/७९ मा सिफारिश तथा प्रमाणित दस्तुरबाट रु ३,४५,००,००० असुल हुने लक्ष्य राखेकोमा हालसम्म रु २,३९,६६,७९९ संकलन गरेको देखिन्छ ।

**सम्भावना**

कार्यशाला गोष्ठीका दौरान भएको छलफल तथा वर्तमानमा वडाहरूले गर्ने विभिन्न सिफारिशको आधारमा यहाँ वार्षिक कुल १५०००० जति विभिन्न किसिमका सिफारिश तथा प्रमाणित कागजान जारी हुने अनुमान गरिएको छ । विद्यमान दर अनुसार प्रति सिफारिश औसत रु. ३०० कायम भएमा सिफारिश तथा प्रमाणित दस्तुर बाट वार्षिक कुल रु. ४,५०,००,००० संकलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू**

- विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरहरूको दरमा सामान्य फेरवदल गर्ने ।
- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको प्रमाण समावेश गर्ने प्रणाली स्थापित गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।

**घ) सवारी पार्किङ शुल्क**

**हालको अवस्था**

नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा १० मा नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ उपलब्ध गराए वापत अनुसूची ९ बमोजिम पार्किङ शुल्क लगाइने र असुल गरिने व्यवस्था छ । यस्तो शुल्क बस ट्रकको लागि प्रत्येक २ घण्टाको रु १००; मिनीवास/मिनिट्रकको रु ५०; कार, जिप, ट्र्याक्टर, माईक्रो, ट्याक्सी आदिको रु २० र मोटरसाइकल, स्कुटर आदिको रु १० रहेको छ । नगरपालिकाले आर्थिक बर्ष २०७८/७९ मा पार्किङ शुल्क वापत रु २,००,००० संकलन गर्ने लक्ष्य लिएकोमा हालसम्म यस शिर्षक अन्तर्गत कुनैपनि रकम असुल गरेको देखिदैन ।

**संभावना**

नगरपालिकाको आर्थिक ऐनमा उल्लेखित पार्किङ शुल्क अनुसार विश्लेषण गर्दा देहाय वमोजिम पार्किङ शुल्क संकलन हुने प्रक्षेपण गरिएको छः

तालिका १२: पार्किङ शुल्कको अनुमानित प्रक्षेपण

| सवारीको प्रकार | संख्या | दैनिक पार्किङ हुने अनुमानित संख्या (१०%) | बार्षिक पार्किङ हुने संख्या (सरदर बार्षिक ३०० दिन) | पार्किङ दर | संककन हुने रकम |
|---|---|---|---|---|---|
| बस ट्रक | ३०० | ३० | ९००० | १०० | ९००००० |
| मिनीवस, मिनीट्रक | ५०० | ५० | १५००० | ५० | ७५०००० |
| कार, जिप, ट्र्याक्टर, माईक्रो, ट्याक्सी | ३००० | ३०० | ९०००० | २० | १८००००० |
| मोटरसाईकल, स्कुटर आदि | ५००० | ५०० | १५०००० | १० | १५००००० |
| जम्मा | | | | | ४९,५०,००० |

**सुधारका पक्षहरू**

सवारी पार्किङ शुल्क संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- नगरपालिका भित्रका सम्पूर्ण सवारी साधनहरुको अभिलेख राख्ने ।
- सवारी पार्किङको पूर्वाधार विकास गर्ने ।

**ङ) फोहोरमैला व्यवस्थापन शुल्क**

**हालको अवस्था**

नगरपालिकाको आर्थिक ऐन २०७८ को अनुसूची १० मा नगरपालिका भित्रका क्षेत्रहरुमा निस्कने फोहोर मैला संकलन र व्यवस्थापनको लागि सेवा शुल्क तोकिएको छ । जस अनुसार एक परिवार बस्ने साढे दुई तलासम्मको घरको रु २५० र साढे दुई तला भन्दा माथि प्रति तला थप रु ५० लाग्ने व्यवस्था गरिएको छ । त्यस्तै गरेर अन्य विभिन्न प्रकारका व्यापार र व्यवसायहरुको स्क्वायर फिटको आधारमा रु १०० देखि रु ३०० सम्म शुल्क तोकिएको छ । तर नगरपालिकाको फोहोरमैला व्यवस्थापन वापत छुट्टै शिर्षकमा हालसम्म कुनै रकम असुल गर्न सकेको देखिदैन ।

**सम्भावना**

सूर्यविनायक नगरपालिकामा हाल ३५८८५ घरधुरी रहेको र करिब २५००० हजार जति घरधुरीहरु शहरी क्षेत्रमा पर्दछन । त्यसैगरी नगरपालिकाका बजार र मुख्य चौकहरुमा ठूलो संख्यामा होटल तथा रेष्टुरेन्ट, बैंक तथा वितिय संस्था, नीजि तथा सरकारी कार्यालयहरु, पसलहरु समेत छन् । त्यसैले नगरपालिकाले नगर क्षेत्रभित्र रहेका नीजि आवास, व्यवसायिक भवन र सरकारी कार्यालहरुबाट फोहोरमैला व्यवस्थापन वापत तलसिल वमोजिमको शुल्क संकलन गर्न सकिने देखिन्छ ।

तालिका १३: फोहोरमैला व्यवस्थापन शुल्कको अनुमानित प्रक्षेपण

| क्र.स. | करदाता | संख्या | करको दर | संभावित आय रु |
|---|---|---|---|---|
| १ | बैंक तथा वित्तिय संस्था | ३५ | ५०० | १७५०० |
| २ | सहकारी संस्था | २२७ | ५०० | ११३५०० |
| ३ | अन्य संघ सस्था | ३५० | ५०० | १७५००० |
| ४ | ठूला व्यवसायहरु | १० | १५०० | १५००० |
| ५ | होटल तथा रेष्टुरेन्ट | १८१ | ५०० | ९०५०० |
| ६ | अन्य व्यवसायहरु | ५०० | ३५० | १७५००० |
| ७ | सटर भाडा | ३००० | ३५० | १०५०००० |
| ८ | नीजि आवासीय घर | २५००० | २५० | ६२५०००० |
| कुल | | २९३०३ | | ७८,८६,५०० |

**सुधारका पक्षहरू**

- हालको आर्थिक ऐनको ब्यवस्थालाई पुनरावलोकन गरी फोहरमैला ब्यवस्थापन शुल्कको दर उत्पादन हुने फोहरको प्रकार र परिमाणलाई मध्यनजर गर्दै परिमार्जन गर्ने ।
- मुख्य बजार क्षेत्रमा रहेका व्यवसायी, संघ संस्था तथा घरधुरीहरूको लगत तयार गर्ने ।
- आर्थिक ऐनमा फोहोरमैला व्यवस्थापन शुल्कको छुट्टै दफा थप गरी सो अनुसार छुट्टै अनुसूची तयार गर्ने ।

### च) सरकारी सम्पत्तिको बहाल र विक्रीबाट प्राप्त आय

**हालको अवस्था**

नगरपालिकाले आर्थिक ऐन २०७८ मा सरकारी सम्पतिको भाँडा तथा वहाल सम्बन्धी कुनै व्यवस्था गरेको छैन र यस शिर्षकबाट कुनै आम्दानी समेत गरेको देखिदैन ।

**सम्भावना**

नगरपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरू जस्तै ब्याकहो लोडर, टिफर, ट्र्याक्टर, एम्बुलेन्स, सभा हल, प्रोजेक्टर आदिको बहाल साथसाथै बोलपत्र फाराम, राजपत्र, पुस्तक, नक्शा बिक्री आदिको हकमा आर्थिक ऐनमा व्यवस्था गरी आम्दानी गर्न सक्ने देखिन्छ । त्यसैले नगरपालिकाले आफ्नो सम्पति वहाल र विक्री वापत तलसिल वमोजिमको शुल्क संकलन हुने प्रक्षेपण गरिएको छ ।

तालिका १४: सरकारी सम्पतिको बहाल र बिक्रीबाट हुने संभाव्य आयको विवरण

| क्र.स. | स्वामित्तको रहेको सम्पति | अनुमानित आय (रु) |
|---|---|---|
| १ | जेसीभि (ब्याक हो लोडर) भाडा | ७०००००० |
| २ | एम्बुलेन्स भाडा | ५००००० |
| ३ | ट्र्याक्टर भाडा | १५०००० |
| ४ | वैठक हल भाडा | ५०००० |
| ५ | प्रोजेक्टर भाडा | १५००० |
| ६ | राजपत्र, पुस्तक, नक्शा विक्रि | २०००० |
| ७ | बोलपत्र फाराम बिक्री | १५०००० |
| जम्मा | | १५८५००० |

**सुधारका पक्षहरु**

- नगरपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण यकिन गरी सबै सम्पत्तिको बहाल र बिक्री सम्बन्धी दफा आर्थिक ऐनमा समावेश गरी सो अनुसारको रकम अनुसूचीमा राख्ने ।
- नगरपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने।
- कार्यविधिमा उल्लिखित शर्तहरू पालाना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।

### छ) जग्गा रेखाङ्कन दस्तुर

**हालको अवस्था**

नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा ११ मा नगरपालिकाले निर्माण, संचालन, व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट अनसूची १० मा व्यवस्था भए वमोजिम शुल्क लगाईने र असुल गरिने व्यवस्था भए वमोजिम अनुसूची १० को क्रम संख्या २०.४ मा नगरपालिकाको विभिन्न कार्यमा जग्गा नापजाँच गर्न प्राविधिक (अमीन) फिल्डमा खटाउँदा लाग्ने शुल्कको दर तोकिएको छ

। उक्त दर रु १५०० (१ कित्ता जग्गा/१ रोपनी सम्म) देखि रु ५०००० (३ कित्ता/५ रोपनी सम्म) सम्म तोकिएको छ । तर जग्गा रेखाङ्कन दस्तुर वापत नगरपालिकाले हालसम्म राजश्व संकलन गर्न सकेको देखिदैन ।

**संभावना**

सूर्यविनायक नगरपालिकामा शहरीकरणसंगै घरजग्गाको कारोवार बढदै गैरहेको र बिकास निर्माण कार्यले समेत तिब्रता पाएसंगै जग्गा रेखाङ्कन कार्यसमेत बढन गएको छ । जसले गर्दा बर्षमा १००० वटा जग्गा रेखांङ्कन मात्रै भएपनि यसबाट न्यूनतम रु १५०० को दरले पनि रु १५ लाख दस्तुर संकलन हुने देखिन्छ ।

**सुधारका पक्षहरु**

- जग्गा रेखाङ्कन दस्तुर पुनर्विचार गर्ने
- वडाको स्थान विशेष अनुसार दस्तुर लागू गर्ने

**च) पर्यटन शुल्क**

**हालको अवस्था**

नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा १२ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका धार्मिक तथा पर्यटकिय क्षेत्रभित्र प्रवेश गर्ने पर्टयकहरुका लागी अनुसूची ११ वमोजिम पर्यटन शुल्क लिने व्यवस्था गरेको छ । अनुसूचीमा विदेशी पर्यटकहरुको (दक्षिण एशिया बाहेक) लागि प्रति पर्यटक अमेरिकी डलर १ शुल्क तोकिएको छ । तर आन्तरिक पर्यटक र विद्यार्थीहरुको लागि भने कुनै शुल्क तोकिएको छैन । नगरपालिकाले हालसम्म पर्यटक शुल्कवापत रकम संकलन गर्न सकेको देखिदैन ।

**संभावना**

नगरपालिकाको आर्थिक बर्षको २०७८/८९ को बार्षिक नीति तथा कार्यक्रममा नगर क्षेत्र भित्रको जैविक विविधता, ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पर्यटकिय सम्पदाहरुको पहिचान गरी त्यसको अभिलेखीकरण गर्दै प्रचारप्रसार, संरक्षण तथा सम्वर्द्धन र विकास गर्ने नीति रहेको छ । सूर्यविनायक नगरपालिकामा प्रसिद्ध सूर्यविनायक मन्दिर, डोलेश्वर मन्दिर, अनन्त लिंगेश्वर, आसापुरी, पाईलट बाबा आश्रम, परम्परागत टोल र वस्तीहरु, राष्ट्रिय प्राणी उद्यान आदि जस्ता पर्यटकिय क्षेत्रहरु रहेका छन भने नगरपालिका भित्र हरियाली क्षेत्र, विभिन्न प्रजातीका चराचुरुङ्गी, पदमार्ग आदि समेत रहेको छ । साथै नगरपालिकाको चालु बार्षिक नीति तथा कार्यक्रममा साहसिक खेल, पदमार्ग, मनोरन्जन स्थल जस्ता थप पर्यटकिय स्थलहरु बिकास गर्ने नीति समेत रहेक छ । काठमाण्डौ, भक्तपुर र ललितपुर जस्ता ठूला शहरहरुबाट नजिकै रहेकोले सूर्यविनायक नगरपालिकामा पर्यटनको प्रशस्त संभावना रहेको छ । नगरपालिका भित्र बार्षिक १० हजार विदेशी पर्यटकहरु मात्र आए भने पनि पर्यटन शुल्कबाट बार्षिक १० लाख र आन्तरिक पर्यटकहरुबाट थप १० लाख गरी कुल रु २०,००,००० पर्यटन शुल्क असुल हुन सक्ने देखिन्छ ।

**सुधारका पक्षहरु**

- पर्यटकिय स्थल र गतिविधिहरु अनुसार आर्थिक ऐनमा पर्यटकिय शुल्क तोक्ने ।
- आर्थिक ऐनमा स्वदेशी पर्यटक र विद्यार्थीहरुको लागि पनि पर्यटन शुल्क तोक्ने ।
- स्थानिय पर्टयकिय क्षेत्रहरुको प्रचार प्रसार गर्ने ।

# परिच्छेद - चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदका उपखण्डहरुमा सूर्यविनायक नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले नगरपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजश्व परिचालन सम्बन्धी नीति तथा संयन्त्र

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजश्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ । यस समितिले राजश्व सम्बन्धी नीति तथा कानून तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजश्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजश्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरु गर्दछ । यस नगरपालिकामा स्थानीय राजश्व परामर्श समितिको गठन देहाय अनुसार भएको छ ।

तालिका १५: राजश्व परामर्श समितिको विवरण

| क्र.स. | समितिका व्यक्तिहरु | जिम्मेवारी |
|---|---|---|
| १ | श्री जुना वस्नेत - उपप्रमुख/संयोजक | संयोजक |
| २ | श्री राजेन्द्र प्रसाद कंडेल – प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३ | श्री राजकुमार जोशी | सदस्य |
| ४ | श्री रविन्द्र सापकोटा | सदस्य |
| ५ | श्री किरण थापा | सदस्य |
| ६ | श्री तारा वस्नेत | सदस्य |
| ७ | श्री अनिरुद्र नेपाल | सदस्य सचिव |

नगरपालिकाको राजश्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि राजश्व परामर्श समितिको बैठक गरी राजश्वको दर निर्धारण सिफारिस, वार्षिक राजश्व अनुमान आदि निर्णय गर्ने गरेको देखिन्छ । नगरपालिकाले आर्थिक बर्षको २०७८/७९ को लागि आर्थिक ऐन पारित गरेको छ । राजस्व परामर्श समितिको बैठक वसी आन्तरिक आयको दररेट प्रस्ताव गरि नगरसभाले सो दररेट स्वीकृत गरेका छ । आयका शिर्षकगत दायरा तथा उक्त दायराका दररेटहरू राखी नगरसभा मार्फत् आर्थिक ऐन २०७८ पारित गरिएको छ । नगरपालिकाको नीति तथा कार्यक्रम २०७८/७९ ले राजश्व संकलन तथा परिचालनको लागि देहाय वमोजिमको नीतिहरु अवलम्वन गरेको छः

१) नगरपालिका र मातहतका कार्यालयबाट हुने चालू खर्चमा एकरुपता ल्याउन र खर्च गर्ने शैलीलाई व्यवस्थित एवं पूर्वानुमानयोग्य तुल्याउन नगरपालिकाको कार्यसंचालन निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२) नगरपालिकाको वित्त व्यवस्थापनलाई थप पारदर्शी र उत्तरदायी बनाउन, खर्चको गुणस्तर र मितव्यिता कायम गर्न र सम्बन्धित व्यक्ति/निकायलाई जवाफदेही बनाउन नगर आर्थिक कार्यविधि ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

३) सालवसाली रुपमा रहदै आएको पुरानो पेश्की, वेरुजु फन्छ्यौटलाई प्रभावकारी बनाउँदै खर्च व्यवस्थापन गर्दा आर्थिक वर्ष समाप्त हुँदा शून्य पेश्की र शून्य वेरुजुको सिद्धान्तलाई व्यवहारमा लागू गरिनेछ ।

४) पुरानो पेश्की वेरुजु भएको पक्ष वा व्यक्ति मार्फत भौतिक पूर्वाधार विकास, लक्षित वर्गको कार्यक्रम तथा उपभोक्ता समितिको कार्य नगर्ने नगराउने नीतिगत व्यवस्थालाई निरन्तरता दिइनेछ ।

५) रनिङ्ग बिल र कार्य प्रगतिको आधारमा भुक्तानी गर्ने परिपाटीलाई संस्थागत गरिनेछ ।

६) बजेट अनुमान र खर्चलाई यथार्थपरक बनाइनेछ । फजुल र अनुत्पादक खर्चमा कटौती गरी चालू खर्चमा मितव्ययिता कायम गरिनेछ । आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी तुल्याइनेछ ।

७) अन्तिम लेखापरीक्षणबाट दिइएका सुझावहरु कार्यान्वियन गरिनेछ ।

८) सार्वजनिक खरिदलाई पारदर्शी, प्रतिस्पर्धी र मितव्ययी बनाई खरिद सुशासन कायम गरिनेछ ।

९) भौतिक पूर्वाधार निर्माण तथा सार्वजनिक खरिद गर्दा खरिद कानूनमा भएका व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वियन गरिनेछ । नगर खरिद नियमावली तर्जुमा गरी कार्यान्वियनमा ल्याइनेछ ।

१०) सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई राजश्व प्रशासनको दायराभित्र ल्याइनेछ ।

११) आन्तरिक श्रोतको दिगो ब्यवस्थापन गर्दै स्रोत परिचालन गर्न आवधिक स्रोत परिचालन रणनीतिक योजना स्वीकृत गरी लागू गरिनेछ ।

१२) कर छली र चुहावट नियन्त्रण गरी कराधार फराकिलो बनाउदै लगिनेछ ।

१३) **"हाम्रो कर, हाम्रै विकासको भर"** अभियान संचालन गरी प्रचलित कानून अनुसार निर्धारण भएको वहाल कर र ब्यवसाय दर्ता तथा व्यवसाय कर संकलनका लागि व्यवसाय दर्ता तथा नवीकरण र कर सप्ताह सम्बन्धी अभियानमूलक कार्यक्रम संचालन गरी सबै प्रकारका व्यवसायलाई नगरपालिकाको दायराभित्र ल्याइनेछ ।

१४) नगरपालिकामा हाल लागू गरिएको अनलाइन राजस्व प्रणालीलाई थप सुदृढ र प्रभावकारी बनाइनेछ ।

१५) राजस्व प्रणालीमा कर नतिर्ने, कर वक्यौता राख्ने तथा पटक पटक सूचना प्रवाह गर्दा समेत अटेर गर्ने करदाताको एकीकृत विवरण राजस्व प्रणालीमा आवद्ध गरी त्यस्ता करदाताको लागि नगरपालिका र मातहतका कार्यालयबाट सेवा सुविधा दिनु पूर्व अनिवार्य रुपमा बाँकी कर वक्यौता भुक्तानी गर्न लगाउने कार्यगत व्यवस्था कडाइका साथ लागू गरिनेछ ।

१६) आर्थिक वर्ष २०७७/७८ मा नगरपालिकामा दर्ता वा सूचीकृत भई समयमा नै कर दायित्व भुक्तानी र नवीकरण भएका तर कोभिड महामारीका कारण नियमित संचालन तथा ब्यवस्थापन हुन नसकेका उद्योग, ब्यपार, ब्यवसाय र सहकारीलाई निश्चित समयसम्म जरिवाना मिनाहाको ब्यवस्था गर्न नीतिगत प्रबन्ध गरिनेछ ।

१७) राजस्व प्रशासनलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारीहरुका लागि थप तालिमका साथै प्रविधि सुधार र क्षमता विकासमा लगानी गरिनेछ ।

**नगरपालिकाको राजश्व प्रशासन**

नगरपालिकाको राजश्व प्रशासनलाई अझ प्रभावकारी बनाउने नीति नगरपालिकाले चालु बजेटमार्फत पनि लिएको छ । यसको प्रभावकारिताका लागि गर्नुपर्ने कार्यहरुमा जनशक्ति व्यवस्थापन, राजश्व शाखाको संस्थागत विकास, राजश्व सम्वन्धी कार्ययोजना तर्जुमा, मालपोत कार्यालयबाट स्थानीय जग्गाको लगत अद्यावधिक, करदाताहरुको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरुको पहिचान गर्नुपर्ने रहेको छ । यसैगरी राजश्व प्राप्त हुने पूँजीगत निर्माण, पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन, धार्मिक ऐतिहासिक स्थलहरुको प्रचार प्रसारका साथै मनोरन्जर र प्राकृतिक पर्यटन पूर्वाधार विकास तथा प्रवर्द्धन गर्नुपर्ने छ। वडास्तरमा काम गर्ने कर्मचारीलाई प्रभावकारी सेवा प्रवाह र राजश्व संकलन कार्यमा परिचालन गनुपर्ने हुन्छ । साथै नगरपालिका तथा वडा कार्यालयका राजश्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरुलाई राजश्व र आयका शीर्षकका विषयमा अभिमुखीकरण र अभिलेख व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिमले नगरपालिकाको राजश्व अभिवृद्धिमा महत्वपूर्ण योगदान दिने सक्ने देखिन्छ ।

## ४.२ आय संकलनको संस्थागत क्षमता

संगठन संरचनामा नगरपालिकाले प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत रहने गरि राजस्व उपशाखा गठन गर्ने प्रावधान वमोजिम राजश्व उपशाखाबाट काम भैरहेको देखिन्छ। राजश्व उपशाखा अन्तर्गत नै वडा कार्यालयहरूबाट वडा सचिव तथा राजश्व उपशाखाका कर्मचारीहरु मार्फत राजश्वको संकलन तथा अभिलेखीकरण गरिंदै आएको छ । नगरपालिकामा स्थलगत सर्वेक्षण, टेलिफोन अन्तरवार्ता तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल नगरपालिकाको राजस्व संकलनको अवस्था देहायअनुसार रहेको छः

- नगरपालिकाले राजश्व संकलन कार्यलाई छिटो छरितो, पारदर्शी र सेवाग्राहीमुखी बनाउने उदेश्यले राजश्व सफ्टवेयरहरु प्रयोगमा ल्याएको देखिन्छ ।
- नगरपालिकामा राजश्व परिचालन तथा आन्तरिक लेखा परिक्षण शाखा रहेको छ जहाँ निर्देशक, लेखापाल, कम्प्युटर अपरेटर र २ जना कार्यालय सहाय गरी ५ जना कर्मचारीहरु कार्यरत रहेको देखिन्छ ।
- राजश्व परिचालन तथा आन्तरिक लेखा परिक्षण शाखा अन्तर्गत व्यवसाय दर्ता तथा नविकरण उपशाखा, नगरपालिकामा राजश्व संकलन काउन्टर, १० वटा वडाहरुमा राजश्व संकलन केन्द्र र "घ" वर्गको निर्माण ईजाजत उपशाखा संचालनमा रहेको ।
- नगरपालिका कार्यालय तथा १० वटै वडा कार्यालयहरूमा कम्प्युटर जडान गरि कम्प्युटर विलिङ्ग प्रणाली मार्फत राजस्व संकलन हुने गरेको ।
- सफ्टवेयरमा राजस्वका शीर्षकहरू हाल नेपाल सरकारले व्यवस्था गरेको राजस्व कोड तथा शीर्षक अनुसार राजश्व संकलन हुने गरेको ।
- "घ" वर्गको निर्माण इजाजत पत्र लगायत अन्य शुल्कहरू, टेण्डर बिक्री तथा परिक्षा शुल्क जस्ता राजश्व नगरपालिका कार्यालयबाट संकलन हुने गरेको ।
- बार्षिक रुपमा राजश्व लक्ष्यको तुलनामा बढी नै संकलन भैरहेको ।
- सफ्टवेयर मार्फत राजश्व संकलन भैरहेकोले अभिलेखिकरण प्रभावकारी एवं चुस्त हुने गरेको ।

- नगरपालिका हातामा बैंक काउन्टर स्थापना गरी नगरपालिकामा जम्मा हुने सबै रकम बैंकमा नै जम्मा हुने व्यवस्था रहेको र वडा कार्यालयमा संकलन भएको रकम समेत दैनिक रुपमा नै बैंक दाखिला हुने गरेको ।
- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ ले पर्याप्त अधिकार प्रदान गरेको बिषयमा जनमानसमा र अन्य निकायहरुमा पर्याप्त जानकारी नभएकोले राजश्व संकलन कार्यमा चुनौती र कठिनाई हुने गरेको ।
- विश्वव्यापी कोभिड-१९ को महामारीको मारमा सबै प्रकारका व्यवसायहरु परेकोले राजश्व संकलन क्षेत्र प्रभावित भएको ।
- नगरपालिकाले आर्थिक बर्ष २०७७/७८ मा आन्तरिक आयबाट रु. ३२,६९,६०,००० राजश्व संकलन गर्ने लक्ष्य लिएकोमा रु. ५३,७१,६४,८४४ राजश्व संकलन गरी लक्ष्य भन्दा बढी राजश्व संकलन गरेको देखिन्छ ।

## ४.३ आन्तरिक आय परिचालन

यस नगरपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा ३०% को हाराहारीमा रहेको छ । आन्तरिक आय तर्फ सम्पति कर, भूमि कर, घर जग्गा वहाल कर, व्यवसाय दर्ता नविकरण, विज्ञापन कर, वहाल विटौरी शुल्क, नक्शापास, सिफारिश तथा प्रमाणित दस्तुरहरु रहेका छन् । तसर्थ आगामी दिनमा समेत आन्तरिक आयतर्फ नगरपालिकाको लागि सम्पत्ति कर, भूमि कर, ब्यवसाय कर, घरजग्गा वहाल कर, वहाल विरौटी शुल्क, नक्शापास, रिफारिश तथा प्रमाणित दस्तुर नै मुख्य तथा दिगो क्षेत्र हुन् । उद्योग व्यवसायको विकास भए अनुसार व्यवसाय करको असुली प्रभावकारी देखिंदैन भने घरजग्गा वहाल कर, विज्ञापन कर, पार्किङ शुल्क समेत न्यून देखिन्छ । गैरकर राजश्व तर्फ केहि सेवा शुल्क र दस्तुरहरुको संभावना रहेको देखिन्छ । नगरपालिकासँग विगत आर्थिक वर्षहरुको तथ्यांकको शीर्षकगत आयसम्बन्धी अभिलेख ब्यवस्थित देखिदैन । यसले गर्दा नगरपालिकाको समग्र राजस्व प्रक्षेपणलाई यथार्थको नजिक पुऱ्याउन कठिनाइ रहेको छ । नगरपालिकाकाबाट प्राप्त तथ्यांक अनुसार नगरपालिकाले विगत आ.व. २०७६/७७, २०७७/७८ र २०७८/७९ मा संकलन गरेको यथार्थ आय विवरण देहाय अनुसार रहेको छः

तालिका १६: नगरपालिकाको आयको अवस्था

*(रु हजारमा)*

| आय शिर्षक | २०७६/७७ यथार्थ | २०७७/७८ यथार्थ | २०७८/७९ यथार्थ |
|---|---|---|---|
| **क) आन्तरिक आय** | **४१७८९९** | **५३७१६५** | **२८२१७७** |
| आन्तरिक आम्दानी | ४१७८९९ | ५३७१६५ | २८२१७७ |
| **ख) राजश्व बाँडफाँडबाट प्राप्त आय** | | | |
| संघीय सरकार (मु.अ.कर तथा अन्त शुल्क) | ३०९६७९ | ३८५३४९ | ३३५४४८ |
| प्रदेश सरकारबाट (सवारी साधन कर) | ३११४५ | ३६९५३ | ३५००० |
| | ३४०८२४ | ४२२३०२ | ३७०४४८ |
| **ग) अनुदान** | | | |
| संघीय सरकार  समानीकरण अनुदान | २०३८०० | २०१००० | २१५००० |
| संघीय सरकारः सशर्त | २९९७०८ | ३६०१९४ | ३३४०७० |

| | | | |
|---|---|---|---|
| संघीय सरकारः सपपुरक अनुदान | | | |
| संघीय सरकारः विशेष अनुदान | | | |
| प्रदेश सरकारः समानीकरण अनुदान | ११३०० | १११८६ | १९०८० |
| प्रदेश सरकारः शसर्त अनुदान | १८९३० | ३४४५९ | २६५९५ |
| प्रदेश सरकार (समपुरक/विशेष) अनुदान | | | |
| अन्य अनुदान | ६९०३२ | ९४५०० | ७४४६४ |
| स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम (संघ मा महेश बस्नेत) | २०००० | २०००० | |
| प्रदेश पूर्वाधार विकास कार्यक्रम | २९७३० | २९७३० | |
| | ६५२५०० | ७५१०६९ | ६६९२०९ |
| **कुल जम्मा** | **१४११२२३** | **१७१०५३६** | **१३२१८३४** |

*स्रोतः सूर्यविनायक दर्पण, २०७८*

तालिका १७ बाट यस नगरपालिकाको आय संरचना हेर्दा कुल आयमा आन्तरिक आयको हिस्सा २१%-३२% को हाराहारीमा देखिन्छ, जुन निक्कै उत्साहप्रद छ । यद्यपि नगरपालिकाको समग्र आयको प्रमुख स्रोतको रुपमा संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड र अनुदान बापतको रकम नै रहेको देखिन्छ । उल्लेखित तालिका अनुसार नगरपालिकाको समग्र आयको सारांश देहायअनुसार रहेको छः

तालिका १७: नगरपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा

*(रु हजारमा)*

| आय शिर्षक | २०७६/७७ यथार्थ | | २०७७/७८ यथार्थ | | २०७७/७८ यथार्थ | |
|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| क) आन्तरिक आय | ४१७८९९ | २९.६ | ५३७१६५ | ३१.४ | २८२१७७ | २१.३ |
| ख) राजश्व बाँडफाँडबाट प्राप्त आय | ३४०८२४ | २४.२ | ४२२३०२ | २४.७ | ३७०४४८ | २८.० |
| ग) अनुदान | ६५२५०० | ४६.२ | ७५१०६९ | ४३.९ | ६६९२०९ | ५०.६ |
| कुल | १४११२२३ | १००.० | १७१०५३६ | १००.० | १३२१८३४ | १००.० |

## ४.४ राजश्व परिचालनमा रहेका सवालहरु

सूर्यविनायक नगरपालिकाको आन्तरिक आय परिचालनमा नयाँ ब्यवस्था अनुसारको प्रशासनिक क्षमता विकास हुँदै गरेको देखिन्छ । आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छः

**क) राजश्व प्रशासन**

राजस्व परिचालन क्षमता सुधार तथा राजस्वको स्रोत र आधारहरू वृद्धि गर्न नगरपालिकामा राजस्व शाखा वा एकाईमा आवश्यक दरबन्दी स्वीकृति तथा कर्मचारी पदस्थापना गर्नु आवश्यक देखिन्छ । यसका साथै नगरपालिकाको राजस्व अधिकारको आधारमा भौतिक सुविधा थप गर्ने, कर्मचारीहरुलाई क्षमता विकास

तालिम, प्रविधिमा आधारित राजश्व अभिलेख तथा सूचना प्रणाली, सक्षम राजश्व शाखाको व्यवस्था हुन आवश्यक छ।

**ख) आन्तरिक नियन्त्रण**

राजस्व असुलीका लागि जारी गरिने रसीदको नियन्त्रण जरुरी हुन्छ। राजश्व असुलीमा कम्प्युटर विलिङ प्रणाली लागू भएको भएतापनि कति विलहरु मानविय त्रुटिले बिग्रिए, कति सिस्टम, कम्प्युटर र प्रिन्टरमा आएको खरावीले बिग्रिए भन्ने कुराको विस्तृत विवरण लेखा शाखामा समेत पठाउनु पर्दछ। त्यस्तै कति प्रति कम्प्युटर विल काटिएको हो सोको प्रमुख प्रशासकिय अधिकृतबाट सबै प्रति प्रमाणित गराई त्यसको जानकारी राजस्व शाखा र लेखा शाखामा सुरक्षित रहनु पर्दछ। कम्प्युटर सिस्टममा विलिङको विस्तृत विवरण रहने भएतापनि त्यसको व्याकअफ रेकर्ड राखे विलिङ प्रणालीको डाटावेश अझ सुरक्षित हुने गर्दछ। त्यस्तै बैंकमा जम्मा भएको राजश्व रकमको भौचरहरुको समेत आ.ले.प. शाखाले सुक्ष्म रुपमा हेर्नु पर्दछ। राजस्वको लेखा सूत्र (SUTRA) आधारित भएकोले सोहि बमोजिम शीर्षकगत रुपमा प्रष्ट गरी अनलाईन प्रतिवेदन पठाउने प्रणाली अवलम्बन गरिनु पर्दछ।

**ग) आन्तरिक आय परिचालन नीति तथा कार्यविधि**

नगरपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूवाट आय संकलन गर्ने कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ। यसमा आय संकलन गर्ने विधि, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषय वस्तु पर्दछन्।

**घ) आर्थिक ऐनमा सुधार**

नगरपालिकाले आर्थिक ऐन तर्जुमा गरी स्वीकृत गरेको छ तर सो ऐनलाई अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ वमोजिम सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ। घर नक्शा पास एवं रजिष्ट्रेशन दस्तुर सम्बन्धि दफा नगरपालिकाको आर्थिक ऐनमा थप गर्ने सो वमोजिम छुटै अनुसूची तयार गरी नक्शा पासको दस्तुर आर्थिक ऐनमा समावेश गर्ने। आर्थिक ऐनमा फोहोरमैला व्यवस्थापन शुल्कको छुट्टै दफा थप गरी सो अनुसार छुट्टै अनुसूची तयार गर्ने साथै आर्थिक ऐनमा स्वदेशी पर्यटक र विद्यार्थीहरुको लागि पनि पर्यटन शुल्क तोक्ने। त्यसैगरी नगरपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण यकिन गरी सबै सम्पत्तिको बहाल र बिक्री सम्बन्धी दफा आर्थिक ऐनमा समावेश गरी सो अनुसारको रकम अनुसूचीमा राख्ने। त्यस्तै केहि करका शिर्षकहरु पनि सुधार गर्नुपर्ने देखिन्छ।

**ङ) राजस्वका दर निर्धारण तथा प्रचार प्रसार**

नगरपालिकाले राजश्वको दर निर्धारण गर्दा समान स्तरका करदाताहरुलाई समान व्यवहार हुने गरी तथा समान तहका स्थानीय सरकार वीच न्यून अन्तर हुने विषयमा ध्यान दिन आवश्यक हुन्छ। स्थानीय करका आधारहरु पर्याप्त राजस्व संकलन गर्न सकिने खालको हुनु पर्दछ। अर्थात संकलित राजश्व भन्दा संकलन गर्दा लाग्ने खर्च बढी हुने खालको हुनु हुँदैन। साथै स्थानीय उत्पादनका आधारमा दर निर्धारण गर्दा करदातालाई पनि मर्का नपर्ने र नगरपालिकालाई पनि राजश्व प्राप्त सहज रुपमा हुने हुन्छ। घरजग्गा रजिष्ट्रेशन दस्तुर अन्तर्गत मालपोतको मूल्यांकन र स्थानीय चलनचल्तीको रकम ज्यादै फरक भएका सो परिमार्जनका लागि

पहल गर्दा राजश्वमा बृद्धि हुने अवस्था सिर्जना हुन्छ । नगरपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व संकलनका लागि दर निर्धारण गरी त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई आफूले तिर्नुपर्ने रकम र शिर्षक सम्वन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने तथा धेरै राजश्व तिर्ने करदाताहरुलाई प्रोत्साहन तथा पुरस्कृत गर्ने प्रणालीको बारेमा आवश्यक प्रचार प्रसार गर्नु पर्दछ ।

### च) अभिलेख व्यवस्थापन

आन्तरिक आयको अधिकतम परिचालनका लागि यसका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी छ । नगरपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा सुविधाहरू आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्न आवश्यक रहेको छ । अद्यावधिक अभिलेख बिना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन । नगरपालिकाका सम्भाव्य राजश्वका स्रोतहरु (कर, शुल्क तथा दस्तुर) को पहिचान गरी दायरा फराकिलो बनाउने तथा दर निर्धारण गरी सामयिक रुपमा यस्तो दरलाई अद्यावधिक गर्दै जानुपर्दछ । नगरपालिकाबाट राजश्वका नयाँ स्रोतहरु पहिचान तथा कार्यान्वयनका लागि आवश्यक लगानी तथा प्राथमिकीकरणका आधारमा अध्ययन, अनुसन्धान तथा सम्भावना विश्लेषण गर्दै नयाँ स्रोतहरुको पहिचान र परिचालन तथा बर्तमान स्रोतहरुको दायरा विस्तार गर्दै आन्तरिक राजश्वलाई दिगो बनाउन आवश्यक हुन्छ । यस कार्यको लागि दक्ष जनशक्तिको व्यवस्थापन र जनताको सहयोग अपरिहार्य हुन्छ ।

### छ) समन्वय संयन्त्र

राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजश्व संकलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा वाह्य निकायहरूसंग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई अझै प्रभावकारी बनाउनु पर्दछ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजश्व शाखाबिच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजश्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसंग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ । राजश्व प्रशासनलाई प्रभावकारी वनाउन निर्वाचित नेतृत्वले नियमित अनुगमन र छलफल गर्नुपर्दछ । साथै स्थानीय करदाता केन्द्रित समुदायहरुसँग छलफल गरी नयाँ करका शिर्षकहरु कार्यान्वयनमा ल्याउनु पर्दछ ।

### ज) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । नगरपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजश्व र करबाट प्राप्त आयलाई के के शिर्षकमा खर्च गरियो भन्ने विवरणबारे नागरिक तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रयासहरू हुन सक्दछन् ।

**झ) समावेशिता तथा सहभागिता अभिबृद्धि**

कर प्रणालीको विकास गर्दा करको दायरा फराकिलो बनाउन र पिछडिएका जनताहरुलाई पनि समेट्न गरिव, विपन्न, एकल महिला, अपाङ्गता भएका र जोखिममा परेका व्यक्तिहरुको लागि उपयुक्त व्यवसायिक तथा प्राविधिक सीप विकास गरी निजहरुबाट संचालन गरिने उद्यम व्यवसायमा विभिन्न सहुलियत तथा छुट सुबिधाको व्यवस्था गरी प्रोत्साहन गर्ने नीति लिनु महत्वपूर्ण हुन्छ ।

# परिच्छेद - पाँचः राजश्व सुधार कार्ययोजना

यस परिच्छेदमा प्राथमिक तथा द्वितिय स्रोतहरुबाट प्राप्त विभिन्न तथ्याङ्क तथा सूचाना विश्लेषणका आधारमा नगरपालिकाको राजश्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई नगर कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिईएको छ ।

## ५.१ राजश्व सुधार कार्ययोजना

नगरपालिकाले राजश्व सुधारका लागि लिने रणनीति, कार्यनीति र कार्ययोजनाहरु निम्न वमोजिम रहेका छनः

### ५.१.१ प्रभावकारी राजश्व संकलनका रणनीति तथा कार्यनीति

सूर्यविनायक नगरपालिकामा राजश्व संकलन ट्र्याकमा गैसकेको र ट्र्याकमा लानुपर्ने गरी दुई किसिमका अवस्थाहरु छन् । परम्परादेखि चल्दै आएका राजश्वहरु ट्र्याकमा छन् भने नयाँ राजश्वका स्रोतहरुमा जनतालाई वानी पार्न थप पहल गर्न आवश्यक रहेको छ । साविकका वरीपरीका गाविसहरु मिलाएर गठन गरिएको यस नगरपालिकामा विद्यमान कानुन प्रदत्त केही राजश्व अधिकारहरु हालसम्म प्रयोगमा ल्याउन सकिएको छैन । नगरपालिकाका कानुनहरु पनि समय अनुकुल परिमार्जन एवं संशोधन गर्नुपर्दछ । यी तथ्यहरुलाई समेत मध्यनजर राखी आन्तरिक राजश्व परिचालन सम्बन्धमा देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गर्न सुझाव गरिएको छ ।

क) राजश्व सम्बन्धी कानूनी व्यवस्थामा सुधार गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने ।
ख) राजश्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने ।
ग) राजश्व प्रणालीलाई सरल, सहज र करदाता मैत्री बनाउने ।
घ) समन्वय र सहकार्यको अभिवृद्धि गरिने ।

तालिका १८: राजश्व सुधार सम्बन्धी रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १) राजश्व सम्बन्धी कानुनी व्यवस्थामा सुधार गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने । | १) नगरपालिकामा राजश्वसँग सम्बन्धित आवश्यक ऐन तथा नियमहरु तर्जुमाका साथै तर्जुमा भइसकेका ऐन नियमलाई सुधार गरी अझ बढी व्यवहारिक बनाउदै लगिनेछ ।<br>२) कर तथा सेवा शुल्कलाई सम्बन्धित करदाता एवं विषय क्षेत्रसँग आबद्ध गराउदै नगरपालिका तथा निजीक्षेत्रबाट थप लगानी गर्न प्रोत्साहित गरिनेछ।<br>३) कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरुसँग परामर्श गर्ने पद्धतिको संस्थागत विकास गरिनेछ ।<br>४) जनताको कर तिर्ने तथा करको भार बहन क्षमता विश्लेषणका आधारमा कर नीतिलाई विवेकसम्मत र प्रगतिशील बनाइने छ ।<br>५) थप राजशवका स्रोतको सम्भाव्यता अध्ययन गरी सम्भाव्य थप स्रोत पहिचानका साथै बर्तमान राजश्व स्रोतको दायरा बृद्धि गर्न यसको यकिन |

| रणनीति | कार्यनीति |
|---|---|
| | तथ्याङ्क संकलन गरी सम्भाव्यताका आधारमा समय सापेक्ष रुपमा करदाताहरुको संख्या बढाउदै लगिनेछ ।<br>६) राजश्वको स्रोत बृद्धि गर्न पूँजी लगानीको सम्भाव्यता अध्ययन गरिनेछ ।<br>७) सम्पत्ति मूल्यांकन सम्वन्धी सिफारिसलाई निश्चित आधार र मापदण्डमा आवद्ध गरी एक रुपता कायम गरिने छ ।<br>८) आन्तरिक राजश्वका विभिन्न स्रोतहरुबारे सम्भाव्यता अध्ययन, पहिचान, स्रोतहरुको यकिन तथ्याङ्क, सूचना संकलन गर्न कार्यदलहरु बनाई वडागत रुपमा परिचालन गरिनेछ ।<br>९) करका स्रोत अनुसारका तथ्याङ्क हरेक वर्ष अद्यावधिक गरिनेछ ।<br>१०) नगरपालिकामा पर्यटन प्रवर्द्धन गर्न पूर्वाधारहरुको विकास गरिनेछ साथै पर्यटन विकासमा यस नगरपालिकामा रहेका धार्मिक/साँस्कृति धरोहर तथा प्राकृतिक संपदाको संरक्षण तथा विकास गर्न निजी क्षेत्रसँग साझेदारीको समेत पहल गरिनेछ ।<br>११) पूर्वाधार उपयोग दस्तुर, घर बहाल कर, व्यवसाय कर जस्ता स्रोत परिचालन गर्न दर निर्धारण गर्दा छिमेकी स्थानीयहरु, निजी क्षेत्र र करदातासँग समेत छलफल तथा सहकार्य गरिनेछ ।<br>१२) नियमित एवं बढी कर तिर्ने करदातालाई सम्मान र पुरस्कत गरिनेछ ।<br>१३) समयमा कर तिर्ने करदातालाई प्रोत्साहन तथा बक्यौता राख्ने करदातालाई जरिवाना लगाइने छ । |
| २) राजश्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने । | १) नगरपालिकाको समग्र राजश्व परिचालन सम्बन्धी नीतिहरुलाई कार्यान्वियन गर्न राजश्व शाखाको सुदृढीकरण गरी क्षमताबृद्धि गरिनेछ ।<br>२) नगरपालिकाको राजश्व शाखामा स्वीकृत संगठन संरचना अनुसारको दरबन्दी पूर्ति गरिनेछ ।<br>३) स्थानीय राजश्व परामर्श समिति तथा राजश्व शाखा र वडा कार्यालयका कर्मचारीहरुको क्षमता अभिबृद्धि गरिनेछ ।<br>४) राजश्व शाखाका लागि आवश्यक उपकरणको प्रबन्ध गरिने छ ।<br>५) स्थानीय करबारे सर्वसाधारणलाई जानकारी गराउने करदाता शिक्षा तथा सचेतना कार्यक्रम समुदाय/टोल एवं वडास्तरमा संचालन गरिनेछ ।<br>६) प्रादेशिक तथा जिल्लाका अन्य स्थानीय तहसँग राजश्व परिचालन बारे ज्ञान-सीप, अनुभव आदान-प्रदान र अन्तरक्रिया गरिनेछ ।<br>७) राजश्व लेखापालनलाई कम्प्यूटरकृत गरी विद्युतीय माध्यमबाट नै राजश्वको प्रतिवेदन र फाँटबारी बनाइने छ । |
| ३) राजश्व कर प्रणालीलाई सरल, सहज करदाता मैत्री, पारदर्शी र समावेशी बनाउने | १) कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थाहरुसँग सहकार्य गरिनेछ ।<br>२) कर प्रशासनलाई पारदर्शी गराउन कर सम्बन्धी सूचनाहरुमा नागरिकहरुको पहुँच पुऱ्याइनेछ ।<br>३) कर/राजश्व सूचना सम्बन्धी प्रतिवेदनहरु अर्धवार्षिक एवं वार्षिक रुपमा नगरपालिकाको वेभसाईटमा राखिने छ । साथै यस्तो सूचनाहरु नगरपालिका तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाइने छ ।<br>४) करदाता शिक्षा र कर सम्वन्धी जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५) महिला, अपाँगता भएका व्यक्ति तथा गरिब तथा कमजोर आर्थिक अवस्थाका स्थानीय व्यवसायी तथा घरमूलीहरुलाई करमा विशेष छुटको व्यवस्था मिलाईने छ । <br>६) कर संकलन प्रक्रियालाई सहज बनाउन बैंक तथा विद्युतीय माध्यमबाट कर भुक्तानी गर्ने प्रणालीलाई अझ प्रभावकारी बनाईने छ । |
| ४)समन्वय र सहकार्यलाई प्रोत्साहन गर्ने | १) पर्यटन शुल्क तथा ढुंगा, गिट्टी, बालुवा, माटो जस्ता प्राकृतिक स्रोतको उत्खनन्, विक्री तथा बजार व्यवस्थाका सम्बन्धमा छिमेकका अन्य पालिकाहरुसँग समेत समन्वय तथा सहकार्य गरिनेछ । <br>२) बाझिएका नीतिगत व्यवस्था संशोधनका लागि आवश्यक समन्वय गरिनेछ । <br>३) कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थाहरुसँग सहकार्य गरिनेछ । <br>४) राजश्वसंग सम्बन्धित विषयमा प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँग नियमित अन्तरक्रिया गरिनेछ । यसैगरी अन्य छिमेकी स्थानीय तहहरुसंग समन्वय वैठक आयोजना गरी राजश्व संकलनका सवालहरुबारे छलफल तथा समन्वय गरिनेछ । <br>५) राजश्व प्रशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँगको सहकार्य तथा समन्वयमा जोड दिइनेछ । |

### ५.१.२ राजश्व सुधार कार्ययोजना

#### क) राजश्व प्रशासन सुधार योजना

तालिका १९: राजश्व प्रशासन सुधार योजना

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१** | **कानुनी तथा नीतिगत व्यवस्था** | | |
| १.१ | राजश्व परामर्श समितिको मासिक वैठक गरी भूमिकालाई प्रभावकारी बनाउने | २०७९ श्रावण देखी | राजश्व परामर्श समिति |
| १.२ | आर्थिक ऐन परिमार्जन गरि लागू गर्ने <br>▪ हालको राजश्व अधिकारका संभाव्य शिर्षकहरु अनुसार शिर्षक हेरफेर गर्ने <br>▪ बिषेश गरी करको दर र दायरा समयाअनुकुल बनाउने <br>▪ सबै करहरुमा छुट तथा जरीवानाको व्यवस्था गर्ने <br>▪ राजश्व संकलन प्रकृया प्रष्ट गर्ने <br>▪ व्यवहारमा नदेखिएका, लागू हुन नसक्ने तथा संघीय कानुनसंग बाँझिने प्रावधानहरु हटाउने <br>▪ राजश्व असुलीको व्यवस्थासंगै दण्ड, जरिवाना तथा पुरस्कारको व्यवस्था गर्ने | २०८० असार मसान्त सम्म | राजश्व परामर्श समिति, नगर सभा |
| १.३ | राजश्व सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गरी लागू गर्ने | २०८० असर मसान्त सम्म | नगर कार्यपालिका |

| क्र.स. | सुधारको लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **२** | **संकलन प्रकृयामा सुधार** | | |
| २.१ | करका बिषयमा जानकारी गराउनका लागि वडाहरुमा करदाता शिक्षा कार्यक्रम संचालन गर्ने | चौमासिक रुपमा | राजश्व शाखा तथा प्रमुख प्रशासकिय अधिकृत |
| २.२ | सबै करहरुको तथ्याङ्क संकलन गरी कम्प्युटर प्रणालीमा अद्यावधिक गर्ने | २०८० असार मसान्त सम्म | राजश्व शाखा तथा वडा कार्यालयहरु |
| २.३ | धेरै कर तिर्ने करदाताहरुलाई सम्मान र पुरस्कृत गर्ने | बार्षिक रुपमा | नगरसभा |
| २.४ | मुख्य करहरु एकैपटक असुल गर्नेगरी एकद्वार कर संकलन प्रणालिको शुरुवात गर्ने | आगामी आर्थिक बर्ष २०७९/८० | राजश्व शाखा, प्रप्रअ तथा नगर कार्यपालिका |
| २.५ | वित्तिय संस्थासंग समन्वय गरी बैंकिङ प्रणालीबाटै कर संकलन गर्ने व्यवस्था गर्ने | आगामी आर्थिक बर्ष २०७९/८० | राजश्व शाखा, प्रप्रअ तथा नगर कार्यपालिका |
| **३** | **संस्थागत व्यवस्था तथा अन्य** | | |
| ३.१ | राजश्व शाखामा नगर सभाबाट स्विकृत दरबन्दीमा कर्मचारी नियुक्त गर्ने | २०८० असार मसान्त सम्म | नगर कार्यपालिका तथा प्रमुख प्रशासकिय अधिकृत |
